# संघीय संसद

# राष्ट्रिय सभा

# तेह्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# १५ वैशाख २०८०

# शुक्रवार

# बैठक सङ्ख्या- १९

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १६:१२ बजे प्रारम्भ भयो ।

(१६:१३ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू, विशेष समयमा बोल्नका लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । अब म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु ।

(१६:१३ बजे, माननीय श्री खिमलाल देवकोटाले हात उठाएर केही बोल्न खोज्नुभएको)

माननीय सदस्य खिमलाल देवकोटा सङ्क्षेपमा आफ्नो के छ भनाइ राख्नू ।

(१६:१३ बजे) **माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र):-** सम्माननीय अध्यक्ष महोदय, हामीले यही वैशाख १३ गते दुई दिनअगाडि सुदृढ अर्थतन्त्र निर्माणसम्बन्धी हामीले एउटा जरुरी सार्वजनिक प्रस्तावको पक्ष छलफल गर्यौं । माननीय अर्थमन्त्रीजी पनि आउनुभो' र माननीय अर्थमन्त्रीज्यूले अर्थतन्त्रमा खासै केही समस्या छैन र कर्मचारीको पेन्सनमा पनि समस्या छैन ।

सामाजिक सुरक्षाका भत्तामा पनि समस्या छैन । अनुदान वितरणमा पनि समस्या छैन भन्नुभो' र १३ गते हामीले यहाँ छलफल गर्यौं, व्यापक छलफल गर्यौं । सबै माननीयज्यूहरूले हामीले तथ्यगत रूपमा कतिपय कुराहरू म आफूले पनि अर्थमन्त्रालयले पब्लिस गरेका डेटालाई बेस मानेर महालेखापरीक्षक महालेखा नियन्त्रण कार्यालयको डेटालाई आधार मानेर म आफैले पनि कतिपय तथ्याङ्क प्रस्तुत गरें तर वहाँ यहाँबाट केही समस्या छैन भन्नुभो' तर वहाँ गरेर भोलिपल्ट हिजो १४ गते र स्थानीय तहले विशेष गरी स्थानीय तह र प्रदेशले पाउने वित्तीय समानीकरण अनुदान चौथो किस्ता उहाँले ५० प्रतिशतले कटौती गर्नुभो' यो आपत्तिजनक छ सम्माननीय अध्यक्ष महोदय । उहाँले केही समस्या छैन भन्ने यो चाहिँ संसदलाई वहाँले सरासर झुठो बोल्नुभा' छ । किनभने वहाँले यहाँ केही पनि समस्या छैन भन्ने र हामी विशेष गरी राष्ट्रिय सभा भनेको प्रदेश र स्थानीय तहबाट हामी निर्वाचित हुन्छौं । र पटक पटक यो स्थानीय तह र प्रदेशमाथि यो प्रहार भ' छ अध्यक्ष महोदय ।

हामीले बजेटमाथि छलफल गरौं यही संसदमा बजेटमाथि छलफल गर्यौं । बजेट पास पनि गर्यौं । बजेटको बुँदा नम्बर ३४७ मा खानेपानी पर्यटन, सहरी विकास (**<u>सम्माननीय अध्यक्ष</u>**:- छोटयाउनुस् माननीयज्यू । छोटयाउनुस् ।) सडकलगायतका कतिपय २२ अरब जति योजना जति हामीले बजेट पास गर्यौं । र स्थानीय तह र प्रदेशमा त्यो २२ अरब बजेट गयो पछि ६ महिनापछि त्यो बजेट खोसेर यहाँ ल्याइयो तर स्थानीय तह र प्रदेशले योजना बनाउने बजेट बनाउने अनि पछि फेरि यहाँ खोस्ने त्यही काम भा' छ अनि प्रदेश र स्थानीय तहले बजेट बनाएका छन् । कतिपय किनभने समानीकरण अनुदान भनेको यो भनेको विशुद्ध रूपमा त्यो उनीहरूको स्थानीय र प्रदेशको नैसर्गिक अधिकार हो । हाम्रो संघीयत भनेको कस्तो छ भने काममा वर्कलोड चाहिँ तल ग'को छ । र रेभिन्यू साइड सेन्ट्रलाइज छ । यो विशुद्ध संवैधानिक अधिकार हो यो किन खोसिन्छ? पटक पटक किन झुठो बोलियो यो अर्थमन्त्रीज्यूले किन झुठो बोल्नुभो' र मेरो यो एकदम आपत्ति छ सम्माननीय अध्यक्ष महोदय । र यो अर्थमन्त्रालयले जुन परिपत्र गरेको छ यो स्थानीय तह र प्रदेशको समानीकरण अनुदानसम्बन्धी त्यो परिपत्र फिर्ता लिइयोस् र विशेष गरी किन कि समस्या छैन भनेर यहाँ झुठो बोल्ने गएर सरासर अनुदान काट्न पाइँदैन । त्यो मैलेअघि पनि भनिसकें । (**<u>सम्माननीय अध्यक्ष</u>**:- ल धन्यवाद माननीयज्यू ।) हस् त, धन्यवाद ।

**(१६:१६ बजे) <u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, अब म माननीय सदस्यहरूलाई विशेष समयमा बोल्नको लागि समय उपलब्ध गराउँछु । माननीय सुरेश कुमार आलेमगर । समय ७ मिनेट । यसपछि माननीय कुमार दशौदी ।

**(१६:१३ बजे) <u>माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, गत फागुन ७ गते एक नम्बर प्रदेशको नामाकरण कोशी प्रदेश भएदेखि नै अर्थात् निरङ्कुश, तानाशाही निर्दलीय पञ्चायती व्यवस्थाको कोशी अञ्चलको भुत ब्यँतिएर कोशी प्रदेश बनेदेखि नै १ नम्बर प्रदेश अशान्त छ । आक्रान्त छ । आन्दोलित छ । त्यहाँका जनताले आन्दोलन गरिरहेका छन् । हुनत यो पञ्चायतकालीन भुत गण्डकी अञ्चल गण्डकी प्रदेश बनेर बाग्मती अञ्चल बाग्मती प्रदेश बनेर, लुम्बिनी अञ्चल लुम्बिनी प्रदेश बनेर पहिला पनि ब्यँतिसकेको थियो तर त्यहाँका जनताले आन्दोलन गरेनन् र १ नम्बर प्रदेशका जनता बहादुर जनताले यो भुत ब्युल्याइको विरुद्ध आन्दोलन गरे, गरिरहेका छन् । त्यो आन्दोलनप्रति म फेरि ऐक्यबद्धता र जोडदार समर्थन व्यक्त गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, यही आन्दोलनका सन्दर्भमा एक जना आन्दोलनकारीको मृत्यु भएको छ । यो कोशी प्रदेशको भुतले एउटा भोक भोक खाइसकेको छ । थाहा छैन । कति भोग यसले अझै खाने हो । त्यसैले धेरै भोग खानुभन्दा अगाडि नै यो समस्यालाई समाधान गरिनुपर्दछ ।

यति नै बेला सम्माननीय अध्यक्ष महोदय, हिजो चन्द्रगडीमा चन्द्रगडीमा भएको एउटा कार्यक्रमको सन्दर्भमा आन्दोलनकारीहरू पुरन राई, बलिहाङ माबो र मित्र लिङ्देनलाई पक्राउ गरेर जिल्ला प्रहारी कार्यालयमा दुर्व्यवहारसहित राखिएको छ । यस म जोडदार भत्र्सना गर्न चाहन्छु र वहाँहरूको तीनै जना गिरफतार गर्ने व्यक्तहरूको तुरुन्त रिहाईको लागि सम्माननीय अध्यक्ष महोदयमार्फत माग गर्न चाहन्छु । १ नम्बर प्रदेशका जनताले पहिचान खोजेका छन् । पहिचान खोजेका छन् को अर्थ हो शोषणका विरुद्ध अन्याय अत्याचारका विरुद्ध उत्पीडनका विरुद्ध मुक्ति । त्यसको अन्त्य के यसो गर्नु अपराध हो? राज्य सत्ताद्वारा शदियौंदेखि उत्पीडनमा गरिएका जनताले हक अधिकारको माग गर्नु त्यो गल्ती हो? तर त्यसलाई अपराध जस्तो ठानेर जुन चाहिँ उनीहरूका विरुद्ध बल प्रयोग भएको छ । उनीहरूलाई गिरफतार गर्ने कुरा जुन भएको छ । त्यो सरासर निन्दनीय कार्य छन् । म फेरि पनि जोडदार रूपमा के भन्न चाहन्छु भने यो रोकिनुपर्दछ र यो समस्यालाई यो समस्यालाई वार्ताका माध्यमबाट समाधान गरिनुपर्दछ ।

नेपाल सरकारले यो आन्दोलनमा भएको धनजनको क्षतिका लागि छानबिन गर्न भनेर एक छानबिन समिति गठन गर्‍यो त्यसैको सिफारिसका आधारमा पदम लिम्बू (लाजेहाङ) लाई पनि सहिद घोषणा गर्‍यो । त्यो एकदम सराहनीय कार्य छ । आन्दोलनकारीहरूले पनि त्यस कार्यको सराहना गरेका छन् । त्यसको स्वागत गरेका छन् । नेपाल सरकारलाई म धन्यवाद दिन चाहन्छु तर समस्या भने सम्माननीय अध्यक्ष महोदय, जिऊँका तिऊँ नै छ । पञ्चायती भुत मरिसकेको छैन । यो ब्युँतेकै छ । जिउँदै छ । त्यसैले यो भुतलाई मार्नका लागि यसलाई समाप्त गर्नका लागि वार्ताका माध्यमबाट जानुपर्ने हुन्छ र राज्यले सरकारले नेपाल सरकारले त्यो आन्दोलनलाई त्यो मागलाई सम्बोधन गर्नका लागि तुरुन्त वार्ता समिति गठन गरोस् भन्ने कुरा पनि म सम्माननीय अध्यक्ष महोदयज्यूमार्फत राख्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, भर्खरै मिटरब्याज पीडितहरूको पनि आन्दोलन चलिरहेको छ । मिटरब्याज पीडितहरूको आन्दोलनमाथि पनि दमन भएको छ । त्यो आन्दोलनको पनि म जोडदार रूपमा भर्त्सना गर्न चाहन्छु । किनकि पीडितहरूले जुन आन्दोलन गर्छन् हक अधिकारका लागि गर्छन् । हुनत यसबारेमा माननीय गृहमन्त्रीज्यूले पनि क्षमायाचना गरिसक्नुभएको छ तर मलाई लाग्छ त्यतिले पुग्दैन । उनीहरूको मागलाई तुरुन्त सम्बोधन गरिनुपर्दछ । त्यसै गरी लघुवित्त लघुवित्तीय संस्थाहरूले पनि एक प्रकारको उत्पीडन एक प्रकारको अन्याय जनतामाथि थोपरिरहेका छन् । गरिब जनतामाथि यो लघुवित्तीय संस्थाहरू एक प्रकारको साहु, महाजन, नयाँ शोषक, नयाँ सामान्त बनेर आएका छन् । योबारेमा पनि नेपाल सरकारको सम्माननीय अध्यक्ष महोदयमार्फत ध्यान आकर्षण गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, नयाँ र परिवर्तन सबैका लागि सधैं सधैं राम्रा हुन्छन् स्वीकार्य हुन्छन् तर कतिपय बेला कतै कतै कस्तो हुँदो रहेछ भने नयाँ र परिवर्तन पनि झन प्रतिगमनको संवाहक पश्चगमनको प्रतिनिधि बनेर आउँदो रहेछ । भर्खरै भर्खरै सम्पन्न निर्वाचनमा हामीले त्यो देख्दै छौं । भर्खरै सम्पन्न उपनिर्वाचनमा जुन जुन निर्वाचन आयोग हुनत जनतालाई जनता सर्वपरी छन् । जनताको मतलाई मैले अपमानित गर्न चाहदिनँ, अन्मूल्यन पनि गर्न चाहदिनँ तर परिवर्तन र नयाँ भन्ने कुरा सधैं सधैं राम्रा हुँदा रहेछन् । असल हुँदा रहेछन् । लाभदायिक हुँदा रहेछन् भन्ने त्यस्तो देखिँदैन । जसले जितेर आएका छन् । तिनीहरूको एजेन्डा के देश जनताको लागि उनीहरूको योगदान के? भूमिका के? दशकौंदेखि यो देश विकासका सन्दर्भमा, देश विकासका सन्दर्भमा योगदान दिनेहरूका सट्टामा ती जो आएका छन् । के तिनले

जनताको मागलाई पूरा गर्न सक्लान? हुनत यो पाटो छँदै छ । तिनले जनताको आशा अपेक्षालाई पूरा गर्न सक्लान कि नसक्लान? भ्रष्टाचारको आरोपमा सांसदको पदबाट सांसदको

पदबाट पदमुक्ति भइसकेका छन् । जो पदमा नहुँदा पनि गैरसांसद भएर पनि मन्त्रीको सपना देख्दथे । यिनै यिनै मान्छेहरू फेरि जितेर आउँदा के जनताका सपना साकार होलान? जनताका आकाङ्क्षाहरू पूरा होलान? भन्ने चाहिँ देखिने त जे होस् जे जे भए तापनि नयाँ र परिवर्तन जो छ । त्यो अग्रगामी हो भने त्यो स्वीकार्य हुन्छ त्यो राम्रो पनि हुन्छ तर जो पश्चगमन प्रतिगमन र यथास्थितिवादको संवाहक बनेर आएको छ । त्यसको प्रतिनिधि बनेर आएको छ । त्यसले देश र जनतालाई साँच्चै अगाडि बढाउँला? मलाई त्यस्तो लाग्दैनँ । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय कुमार दशौंदी । समय ७ मिनेट । यसपछि कृष्ण प्रसाद पौडेल ।

(१६:२४ बजे) **<u>माननीय श्री कुमार दशौंदी (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, अब अर्थतन्त्रको विषयमा अस्ति छलफल हुँदाखेरि हाम्रो अर्थमन्त्रीजीले त्यस्तो बिग्रिहलेको भयावह केही छैन भनेर भन्नुभो' तर अब बजारतिर हेर्यो भने मेन ठाउँका सटरहरू बन्द भा'का छन्, व्यापरीहरू ब्याज तिर्न नसकेर भागाभाग छ, ठेकदारको हालत त्यस्तै छ, त्यसैमध्ये मेरो जिल्ला पनि पीडामा परेको छ । कोल्ड स्टोर निर्माण भ'का चैं दुइटा कोल्ड स्टोर निर्माण भ'को प्रदेश सरकारले छुट्ट्याएको लगभग डेढ वर्ष भयो सम्पन्न भ'को, एक वर्षदेखि सबै सञ्चालनमा छन् तर अहिलेसम्म भुक्तानी पाएका छैनन् । कहिले यता घुमाको छ, कहिले उता घुमाको छ, पैसा छैन, के छैन, के छैन भनेको छ, दुःख दिएको छ । सरकारले कि त बजेटै नछुट्याओस्, काम गर भन्न चैं नभनोस्, यदि काम गर भन्ने हो, विकास गर भन्ने हो, बजेट छुट्ट्याउने हो भने जनतालाई दुःख दिन त भएन नि । आज त्यो निर्माण गर्ने निर्माणकर्ताहरू सुसाइड गर्ने अवस्थामा पुगेका छन् । घर बेच्दा बिक्री हुँदैन, मजदुर र त्यो भुक्तानी लिने मान्छेहरूले चैं रात दिन खा'का छन् तर त्यहाँ भुक्तानी दिनेहरू चैं कहिले के, कहिले के भनेर टालिरा' छन् । यस्तो खालको खेतजनक काम सरकारले नगरोस् । तत्काल भुक्तानी दिने व्यवस्था मिलाओस् भनेर म यो रोस्टमबाट माग गर्न चाहन्छु ।

अध्यक्ष महोदय, मलाई अलिकति कता कता चैं लागेको कुरा के भने सरकारले अस्ति अयोग्य लडाकुहरूलाई भनेर दुई लाख रुपैयाँ दिने निर्णय गरेछ । मुलुक एकातिर आर्थिक सङ्कटतिर गइरा' छ । अर्कोतिर धेरै सहिद हुने जिल्लाभित्र मेरो जिल्ला पनि पर्छ । विगतमा सरकारले १० लाखको हिसाबले चैं बाँडेको छ । त्यो हामीले प्रत्यक्ष अनुभूति गर्या छौं, देख्या छौं । तर त्यो १० लाख रुपैयाँबाट कसैको पनि उन्नति प्रगति भ'को देखिएको छैन ।

मान्छेलाई पैसा दिएर परजीवी बनाउने हैन । मान्छेलाई सिप दिएर, तालिम दिएर उसलाई आत्मनिर्भर बनाउन र उसलाई त्यो तालिमबाट गइसकेपछि उसले जिन्दगीभरि आफ्नो काम गर्न सकोस् न । हामीले लाने त त्यता होला नि । तर हामी चैं नगद दिने नाममा मान्छलाई चैं परजीवी बनाइराछौं र बिगारिरा' छौं । यो गलत कुरा हो । यो गलत मान्यता हो । यस्तो कुराहरूलाई सरकारले करेक्सन गर्नुपर्छ ।

(१६:२७ बजे) **पीठासीन**:- माननीय उपाध्यक्ष श्री उर्मिला अर्याल ।

**माननीय श्री कुमार दशौदी (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- छ महिना, एक वर्ष, दुई वर्ष कति दिने हो बरु? उहाँहरूलाई स्किल ट्रेनिङहरू दिऊँ । त्यो ट्रेनिङबाट गइसकेपछि उनीहरूले तत्काल रोजगार पाउने अवस्थाको सिर्जना गरौं । अहिले हामी धारा बिग्रन्छ अथवा बत्ती बिग्रन्छ, इन्डियाबाट आएकका कतिपय मजदुरहरू नखोजेर हामीलाई चैं उपाय नै छैन । हामीसँग स्किल मजदुर नै छैन । भनेपछि हामीले नगद दिएर परजीवी बनाउने कुरा गलत छ । त्यसकारण यस्तो कुराहरूलाई चैं सरकारले फिर्ता लियोस् । बरु उनीहरूलाई एक वर्ष, दुई वर्ष तालिम दिएर दक्ष बनाएर दक्ष कामदारको रूपमा चैं बजारमा पठाओस् । उनको जीवन त्यसबाट सहज हुन सक्छ । किनभने विगतमा वेतन गरिएको कसैको पनि राम्रो चैं देखिएको छैन । यो विगको अनुभवलाई हेरेर मैले यो कुरा बताको हो, सम्माननीय अध्यक्षमार्फत म सरकारको ध्यानकर्षण गर्न चाहन्छु ।

त्यसको साथसाथै यो सरकारले विभिन्न उद्योगहरू खोल्न अनुमति दिन्छ । मेरै जिल्लामा पनि खानी उद्योगहरू खोल्न अनुमति द्या छ । दाङमा पनि खाने उत्खनन गर्न उनुमति द्या छ । सरकारले खानी उत्खनन गर्न अनुमति दिँदाखेरि त्यो बाटो चाहिन्छ कि चाहिँदैन, त्यो बाटोले कति चैं असर पारेको हुन्छ, अहिले घोराहीदेखि होलेरी, घोराहीदेखि बङ्गलाचुले जाने बाटो मान्छे कोही पनि त्यो बसमा, सार्वजनिक गाडीमा हिँड्न सक्दैन । धुलोले मान्छे मान्छेजस्तो नै हुँदैन । मेरो जिल्लाको कुरा गर्दा त घोराहीदेखि होलेरी बिस, तिस वर्ष भो' त्यो बाटो, पिच भा'जस्तो बिचमा गर्या थियो, एक वर्ष कता त्यो बाटो सक्यो, मान्छेलाई टीबी लागेर, क्यानसर लागेर गम्भीर प्रकृतिका रोग लागेर मान्छेहरू मर्न थाल्या छन् । न सरकारले उपचार गर्छ, न त्यो बाटो बनाउँछ । यदि बाटो बनाउन सकिँदैन, उत्खनन गर्न किन दिने? कि त वैकल्पिक बाटो तयार गर्न पर्यो । वैकल्पिक बाटो तयार गर्न सकिँदैन भने जनतालाई किन दुःख दिने? अनि यस्ता खालका कामहरू बिनायोजना कुनै कर्मचारीहरूले दुई चार पैसा उठायो होला, खायो

होला भन्ने नाममा अनि जहाँ पायो त्यही उत्खनन गर्न द्या छ, जनतालाई सास्ती देको, जनतालाई रोगबाट चैं मतलब भोकले त जनता यसै मरेकै छन्, हुँदा हुँदा जनतालाई रोग पनि थपिद्या छ सरकारले । त्यसले यस्तो कुरा बन्द गर्नुपर्यो । तत्काल घोराही-तुलसीपुर, घोराही-होलेरी, घोराही-बङ्गलाचुलीको बाटो तत्काल त्यसको मर्मत, सम्भार गरियोस् र जनताको सहज जीवनयापन बाँच्ने वातावरण बनाइयोस् म सम्माननीय अध्यक्षमार्फत यिनै कुरा राख्दै आफ्नो भनाइ यहीँ टुङ्ग्याउँछु । हवस्, धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय कृष्ण प्रसाद पौडेल । समय १० मिनेट । त्यसपछि माननीय उदय बहादुर बोहरा ।

(१६ः३१ बजे) **माननीय श्री कृष्ण प्रसाद पौडेल (नेपाली काँग्रेस)**ः- सम्माननीय अध्यक्षज्यू, यस गरिमामय सभामा मुलुकको आर्थिक क्रियाकलाप, मुलुकको आर्थिक अवस्थाका बारेमा म केही कुराहरू राख्न चाहन्छु ।

न्यून लगानी, न्यून उत्पादन, न्यून रोजगारी, न्यून निर्यात । त्यस्तै उच्च आयात, उच्च व्यापार घाटा, चर्को ब्याज, मूल्यस्फीति, महङ्गी त्यस्तै गभर्मेन्टले अपेक्षा गरेअनुसारको राजस्व नउठ्नु । न्यून पूँजीगत खर्च र भएको खर्च पनि म्याक्सिमम बेरूजु हुनु । र बेरूजु फछ्र्यौट पनि नहुनु । यो नेपालको वर्तमान आर्थिक अवस्थाका केही फिचर्स हुन् । अर्थतन्त्रका यी समस्याहरूलाई यदाकदा नेपाल श्रीलङ्का हुने हो कि भन्ने? भाष्य निर्माण गर्न खोजिएको छ । तर कोभिड महामारीको अवस्थामा नेगेटिभ भएको आर्थिक उत्पादन बृद्धिदर ४ प्रतिशतभन्दा बढी हुनु । विगतमा द्रुत गतिमा घटेको वैदेशिक सञ्चिति स्पिडली बढ्नु । पर्यटकको सङ्ख्या दिनानुदिन बढ्दै जानु, रेमिट्यान्स बढ्नु, विद्युत्, सिमेन्ट, छड जस्ता बस्तुहरू कमै मात्रामा भए पनि विदेशमा निर्यात हुनु । यस्ता ब्याजदर क्रमशः घट्दै जानु मुद्रास्फीति पनि घट्दै जानु, यो तथ्य र तथ्याङ्क राष्ट्र बैङ्कको हो । राष्ट्र बैङ्कको यो तथ्य र तथ्याङ्कले मुलुकको अर्थतन्त्र श्रीलङ्का जस्तो हुन लाग्यो । भन्ने भाष्यलाई गलत प्रमाणित गर्दिएको छ । यसको अर्थ नेपालको अर्थतन्त्र फिटफ्याट छ त? हेल्दी छ त? चुस्त, दुरूस्त छ त? त्यो पनि होइन । तर यसलाई हामीले मेहनत गर्‍यौं भने हाम्रो राजनीतिक नेतृत्व र कर्मचारीतन्त्रमा उत्तरदायित्त्व र जवाफदेहिता पारदर्शिता, कार्यकुशलता, मितव्ययिता र भ्रष्टाचारको अन्त्य गर्ने उच्च प्रतिबद्धता, इमान्दारिता भयो भने यसलाई हामी लयमा ल्याउन सक्छौं । र श्रीलङ्का जस्तो हुन लाग्यो भन्ने भाष्यको चाहिँ हामीले अन्त्य गर्न सक्छौं । र यसको अतिरिक्त यो हाम्रो अर्थतन्त्रलाई सुधार्नको लागि

सार्वजिनक खर्च कम गर्नको लागि सार्वजनिक खर्च पुनरावलोकन आयोग, २०७५ ले एउटा प्रतिवेदन दिएको छ । जसमा २०६ ओटा समिति, उपसमितिहरू र करिब ५५ हजार कर्मचारीहरू त्यसमा देखिन्छ । र तयसलाई ८६ ओटामा झार्न सकिन्छ भन्ने छ । यसलाई पनि गर्भमेन्टले कम्मेन्टका साथ हटाएर एडमिनिस्ट्रेटिप कष्ट कम गराओस्  भन्न चाहन्छु ।

त्यस्तै म के भन्न चाहन्छु, भने अब बजेट सेसन पनि आउँदै छ । र त्यसका लागि म सम्माननीय अध्यक्षज्यूमार्फत नेपाल सरकारलाई केही सुझाव राख्न चाहन्छु । नेपालको अर्थतन्त्रको मुटु कृषि हो । टु थर्ड पिपुल चाहिँ कृषिमा आश्रित छन् । र पनि जम्मा २३ प्वाइन्ट ९४ पर्सेन्ट जीडीपीमा यसको कन्ट्रिब्युसन छ । र जबसम्म हामीले कृषिलाई सुधार्न सक्दैनौं । वैज्ञानिक आधुनिकीकरण के के भन्ने हो । त्यो गराउन सक्दैनौं । र स्पेसियल्ली युवाहरूको चाहनाको विषय कृषिलाई बनाउन सक्दैनौं । त्यति बेलासम्म हाम्रो अर्थतन्त्र आत्मनिर्भर बन्न सक्नेवाला छैन । यसको लागि म के भन्न चाहन्छु भने आज हामी तीन खरबभन्दा बढीको कृषिजन्य बस्तुहरू आयात गरिरा'छौं । भने हामीले कृषिको अनुदानको नाममा बिचौलियाहरू, दलालहरू, समाजका टाठा बाठाहरूले त्यो कृषि अनुदान प्राप्त गरेका छन् । र यो अवस्थालाई रोकेर वास्तविक किसानहरूले चाहिँ अनुदान पाउने गरी र कृषिलाई रोजगार र उत्पादनसँग जोडिने गरी सरकारले दिल खोलेर, मन खोलाएर कृषिमा चाहिँ यो अनुदान दियोस् । ताकि कठिनभन्दा कठिन अवस्थामा पनि मुलुकको आर्थिक अवस्थालाई श्रीलङ्का हुनबाट कृषिले थेक्न सक्छ । बचाउन सक्छ । त्यस्तै नीति तथा कार्यक्रम आओस् भनेर मैले अनुरोध गर्न चाहन्छु ।

त्यस्तै यसलाई टेवा दिँदै ताप्लेजुङ्गदेखि दर्चुलासम्म पहाडमा, हिमालमा थुप्रिएका अनेक प्रजातिका जडिबुटी तथा खनिजजन्य पदार्थको व्यवस्थापन गरी निर्यात गर्न सक्यौं भने यो पनि नेपालको आर्थिक अवस्था सुधार्ने एउटा मेजर तत्व बन्न सक्छ । त्यस्तै सुगन्धित तेल, धुप, अत्तर बनाउन चाहिने घाँसपात, गुर्जो, त्रिफला, जटामसी, यार्सागुम्बा, पाँचऔले, तितेपाती आदि अनेकौं औषधिजन्य जडीबुटीहरू जसको विश्वबजारमा अत्यन्त हाई डिमान्ट छ । त्यसलाई प्रशोधन गरेर विश्वबजारमा निर्यात गर्न सक्ने नीति तथा कार्यक्रम आगामी बजेटमा ल्याओस् भनेर अनुरोध गर्न चाहन्छु ।

त्यस्तै मुलुकको आर्थिक सामाजिक रूपान्तरणको लागि कोशे ढुङ्गाजस्ता हाम्रा गौरबका आयोजनाहरू जो ६० परसेन्टभन्दा बढी कार्यसम्पादन भइसकेका छन् । तिनीहरूमा मात्रै लगानी गरियोस् । ताकि आमनागरिकले प्रतिफल तुरून्त पाउँन् । र ती आयोजनाहरू समय

सीमाभित्र कम्प्लिट गर्नका लागि छुट्टै डेभलम्मेन्ट ऐन सरकारले ल्याओस् भनेर अनुरोध गर्न चाहन्छु ।

त्यस्तै अगि पनि कुरा आ'को छ । हिजो अस्ति पेपरमा नि आएको छ । सिटी सेन्टरको करिब करिब चालिस पर्सेन्ट सटरहरू अहिले बन्द भइसकेका छन् । यो आज, हिजो, अस्ति बन्द भा'को होइन । यो कोभिड पिरिएडदेखि नै क्रमशः त्यो चाहिँ साना, तिना, झिना, मसिना उद्योगहरू जसले रोजगार, स्वरोजगार कायम गर्छ । ती उद्योगहरू बिच बिस्तारै बन्द हुँदै गा'का थिए । आज त्यो बन्द हुने प्रतिशत बढेको हो । यसको लागि म के अनुरोध गर्न चाहन्छु भने सरकारले चाहिँ यो एउटा स्टिमलस प्याकेज ल्याएर यो अवस्थाको चाहिँ यो रूग्ण बन्द हुन लागेका साना तिना झिना मसिना उद्योगहरूलाई पुनर्उथान गरोस् भन्न चाहन्छु ।

त्यस्तै आज करिब करिब साठ्ठी लाख नागरिकहरू निरपेक्ष गरिबीको रेखामूनि पीडित र प्रताडित छन् । अब ती नागरिकहरू यसो हेर्दा बाह्र लाख परिवार जति होलान् । तिनीहरूलाई स्थानीय स्रोत, साधन र स्थानीय श्रममा आधारित एउटा इनकम जेनेरेटिङ्ग एक्टिभिटिज आयमूलक कार्यक्रमहरू ल्याउने यो बजेट अथवा नीति तथा कार्यक्रममा आओस् ।

र अर्को के भन्न चाहन्छु भने नेपालको प्राकृतिक सम्पदा, सांस्कृतिक सम्पदा यहाँको सगरमाथा, जनकपुर आदि, इत्यादि यहाँको पर्यटकीय स्थलहरूको कारणले गर्दा नेपालमा पर्यटकको सङ्ख्या पनि दिनानुदिन बढ्दै छ । यसलाई अझ थप चाहिँ प्रभावकारी रूपमा नेपालको पर्यटनका पूर्वाधारहरूको विकास गर्ने नीति तथा कार्यक्रम ल्याएर नेपालको पर्यटन उद्योगलाई अझ बढी सबल, सक्षम बनाउने नीति तथा कार्यक्रम पनि आओस् भन्दै मेरा कुराहरू यहीँ बन्द गर्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय उदय बहादुर बोहरा । समय १२ मिनेट । त्यसपछि माननीय नर बहादुर विष्ट ।

(१६:४० बजे) **माननीय श्री उदय वहादुर बोहरा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्ष महोदय, म आज खास गरेर नेपालमा केही समय यता असाध्यै समस्याग्रस्त रूपमा देखिएको बैङ्क, बैङ्कको चर्को ब्याज जसको कारणले धेरै मान्छेहरू धेरै व्यापारीहरू प्रताडित भए छन् । पूर्ववक्ता माननीयज्यूले पनि भन्नुभो' । र कतिले आत्मदाह गरेका छन् । र कतिको घरबार उजागढ भा' छ । यो क्रम बढ्दो छ । माननीय मन्त्रीज्यू,

अर्थमन्त्रीज्यूले पनि यस विषयमा सामान्य कुराहरू राख्नुभयो । र यसको हामी यसलाई सहज तरिकाले समाधान गर्छौं भन्ने अभिव्यक्त उहाँबाट भा'को छ । र कुरोले मात्रै भएन । म के निवेदन गर्न चाहन्छु भने नेपालको जुन बैङ्कको लगानी पूँजी छ । जो बैङ्क वित्तीय संस्थाहरू छन् । ती सबै सय जना व्यापारीहरू वा व्यापारी घरानियाको हातमा छ । र उनीहरूसँग भएको लगानीको ७४ परसेन्ट त्यो उपभोग उनीहरूले गर्छन् । उनीहरूले त्यो लगानी पाउँछन् । बाँकी बचेको ३० परसेन्ट मात्रै अरू आमनेपालीहरूले पाउने हो । त्यो पनि चर्को ब्याजमा । र यो चर्को ब्याज हुनको कारण । पहिलो कुरोः बैङ्कहरू, राष्ट्र बैङ्कहरू, बैङ्कहरू भन्दै छ, वाणिज्य बैङ्कहरू भन्छन् । कि हामीले चर्को ब्याजमा पैसा लिन्छौं । जस्तै उनीहरूले इन्सुरेन्स कम्पनी, नेपाल टेलिकमलगायतका कम्पनीहरूसँग उनीहरूले चर्को ब्याजमा मुद्दतिमा उनीहरूले निक्षेप सङ्कलन गरिरहेका छन् । र हामी चर्को ब्याजमै त्यो सस्तो पैसा ब्याज हामी दिन सक्दैनौं भन्ने कुराहरू उनीहरू बताइरहेका छन् ।

म के अनुरोध गर्न चाहन्छु भने सम्माननीय अध्यक्ष महोदय, यो वाणिज्य बैङ्कहरूको नियमन, नियमान, नियमनकारी संस्था कुन? राष्ट्र बैङ्क? राष्ट्र बैकको नीति, नियमलाई र राष्ट्र बैङ्कले र राष्ट्र बैङ्कको नीति, नियमले नचिन्ने बैङ्कर्स एसोसिएसन, बैङ्कर्स सङ्घ । उनीहरूले कार्टेलिङको माध्यमबाट अहिले ब्याजदर बृद्धि गर्ने एउटा गलत अभ्यास हाम्रो मुलुकमा सुरू भा'को छ । र एउटा बैङ्कर्स सङ्घले मुलुकको ब्याजदर जो यो प्रत्यक्ष प्रभाव यो मुलुकलाई पार्छ । यहाँको अर्थ व्यवस्थालाई पार्छ । त्यो खालको एउटा असाध्यै सेन्सेटिभ, गम्भीर विषयवस्तुलाई राष्ट्र बैङ्कले र सरकारले किन छर्र छोड्दिएको छ? ऐन, कानुन र नियमले चाहिँ नदिएको बैङ्कर्स सङ्घ गठन गरेर उनीहरूले ब्याज निर्धारण गर्ने जुन गलत अभ्यास छ । यो सम्माननीय अध्यक्ष महोदय, तपाईंमार्फत म यो सरकारले र राष्ट्र बैङ्कले गम्भीरतापूर्वक लगोस् । मेरो अनुरोध छ ।

यहाँ अहिलेको अवस्थामा बैङ्कसँग निक्षेप पनि पर्याप्त छ । बैङ्कहरू मुनाफामा छन् । वाणिज्य बैङ्कहरूको मुनाफा यो आर्थिक वर्षमा ४९ अर्ब छ । नविल बैङ्क जस्ताले ५ अर्ब, कृषि विकास बैङ्कले ४१ करोडलगायत धेरै बैङ्कहरू मुनाफामा छन् । सप्पै मुनाफामा छन् । र निक्षेप सङ्कलन यो वर्ष २ दशमलव ८६ खर्ब । निक्षेप सङ्कलन पनि बैङ्कहरूले गरिरहेका छन् । चैत्रको महिनामा मात्रै ५५ अर्ब निक्षेप सङ्कलन भा' छ । अनि चर्को ब्याज नेपाली जनतामाथि थुपारिरहेर नेपाली अर्थतन्त्रलाई धरासायी बनाउने । यो चिजलाई सरकारले तुरून्त नियन्त्रण गरोस् । मेरो अनुरोध छ, एकातिर ।

अर्कोतिरः ३९ ओटा बैङ्क तथा वित्तीय संस्थाहरूले करयोग्य रूपमा रहेको २१ अर्ब ५७ करोड ८५ लाख रुपैयाँ बराबरको आय विवरण नदेखाएर, लुकाएर ६ अर्ब ४७ करोड ३५ लाख कर तिरेका छैनन् । यो जायज कुरा हो? यो महालेखाले औंलाएको छ यो चिज । र उनीहरूसँग उनीहरूले कर छल्ने, उनीहरूले नउठेको ब्याजलाई आम्दानीमा देखाएका छैनन् । ब्याज जसले, ऋण लिएको छ । सेवाग्राहीलाई ब्याज ठोकेका ठोकै छन् । अब हामीलाई थाहा छ । कि बैङ्कहरूले त, केही बैङ्कहरूले त, जसले ऋण लिएको छ उसको घरमा सेक्युरिटी गार्डसम्म चाहिँ पठाएको छ । प्रभु बैङ्कले अस्ति व्यापक । अब यस्तो खालको यो परिस्थितिको जुन निर्माण भइरहेको छ । यो सरकारको कमजोरीको राष्ट्र बैङ्कको कमजोरीको फाइदा बैङ्कहरूले उठाइरहेका छन् । त्यसको भा'को हुनाले म के निवेदन गर्न चाहन्छु भने यसलाई नेपाल सरकार र खास गरेर नेपाल राष्ट्र बैङ्क के हेरेर बसेको छ? गभर्नरको नियतमाथि शङ्का उठाउनुपर्ने परिस्थिति भा' छ । अरू कुरा पनि सुनिएको छ । बेप्रमाणित चिजहरू छन् । म यहाँ बोल्न चाहन्नँ । यतातिर सरकारको ध्यान जाओस् । यो मेरो निवेदन छ ।

र सम्माननीय सभामुख महोदय, अहिले आर्थिक तरलताको अभाव यो मुलुकमा सृजना भइरहेको अवस्थामा यो संसद विकास कोष फेरि पनि ब्युँताउने हल्ला आइरहेको छ । यसले राम्रो सन्देश जाँदैन । यो संसद विकास कोष फेरि पनि ब्युँताइयो भने यो संसद भन्ने यो लोगो लगाएर बाहिर निस्किनेबित्तिकै ढुङ्गा प्रहार हुन्छ । यो निश्चित हो हामीले जनताको सेन्टीमेन्टल बुझ्नुपर्छ । भावनालाई बुझ्नुपर्छ । त्यसो भ'को हुनाले यो संसद विकास कोष मेरो विचारमा मेरो अनुरोध यसलाई नब्युँताइयोस् । मेरो अनुरोध छ ।

र अर्को म के निवेदन गर्न चाहन्छु भने रोल्पाको माननीयज्यूले पनि यहाँ कुराहरू राख्नुभो' यो समस्या हाम्रो सल्यानमा पनि छ । चुन ढुङ्गा उत्खन्न, खानी उत्खन्न गर्ने, त्यसको कुनै खालको ईआईए आइईई सप्पै नक्कली चाहिँ तयार गर्ने । त्यसले पर्यावरणीय के समस्या पारिराख्या छ? त्यसले चाहिँ प्रतिकुल असरहरू कहाँ कहाँ के परिराख्या छ? खानेपानी कति सुकिरहेका छन्? मान्छेको जीवनमाथि के असर बनाइरहेको छ? यी चिजहरूलाई चाहिँ ख्याल नगर्ने । खानी विभाग मिल्ने त्यहाँका सम्बन्धित केही हामी जस्तै जनप्रतिनिधिहरू मिल्ने र उत्खन्न गर्न सुरु गर्ने, त्यस्तो स्थिति छ । र यसले भयावह स्थिति चाहिँ हाम्रो सल्यानमा पनि ल्याएको छ ।

तुलसीपुरदेखि कपुरकोटसम्म गाडीमा हिँड्नै सकिँदैन । सार्वजनिक यातायातमा हिँड्नै सकिँदैन । दुई सयदेखि डाइसय टिप्परहरू त्यहाँ हिँड्छन् । चुन ढुङ्गा बोकेका टिप्परहरू ओरालोमुखी आउँदाखेरि बाटोको अवस्था के हुन्छ? कम से कम खानी हामीले उत्खनन्

गर्नुपर्छ । त्यो हाम्रो स्रोतको आय स्रोतको एउटा प्रमुख चिज हो । प्राकृतिक स्रोतमध्येमा एउटा त्यो पनि हो । हामीसँग पर्याप्त डिपोजिट छ त्यो चिजहरू तर कम से कम वातावरणीय जोखिमलाई न्यूनिकरण गरेर । यो खानी उत्खन्नलाई अगाडि बढाउनुपर्छ । त्यसो भा'को हुनाले यो सल्यानको सन्दर्भमा पनि यो समस्या छ । अन्यत्र पनि यो समस्याहरू होला । म यो निवेदन गर्न चाहन्छु ।

र अहिले नयाँ बजेट पनि आउँदै छ । यो बजेटमा खास गरेर चाहिँ तीनओटा चिजहरू खास गरेर यो उत्पादन, उत्पादन नभएर हामी वितरण गर्न सक्दैनौं । उत्पादन पर्याप्त मात्रमा हुनको लागि यो परम्परागत चिजहरू काहीँ मकैबालीको चाहिँनी तपाईंको प्रधानमन्त्री मकैबालीको लागि चाहिँनी पकेट एरियाहरू बनाएर चाहिँ त्यो कार्यक्रम सञ्चालन गर्ने । काहीं केही मसुरो । अब यो के भन्नुहुन्छ भने कम से कम हाई भ्यालु, हाई भ्यालुयुक्त चाहिँ यो जडिबुटीहरू र यसका चाहिँ बालीनालीहरू यसलाई यो कार्यक्रममा समावेश गरेर । अहिलेको बजेटमा चाहिँ कृषि मन्त्रालयले चाहिँ ल्याओस् । यो सरकारले ल्याओस् । म यहीं कुरा राख्दै बिदा हुन्छु । धन्यवाद ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय नर बहादुर विष्ट । समय ७ मिनेट । त्यसपछि माननीय तुलसा कुमारी दाहाल ।

(१६:५२ बजे) <u>**माननीय श्री नर बहादुर विष्ट (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**</u>:- सम्माननीय अध्यक्षज्यू, म दुई, तिनओटा विषय हाम्रो कर्णालीको बारेमा राख्न चाहन्छु । कर्णाली सधैंभरि पछाडि पारिएको र नेपाल एउटा भूपरिवेष्टित देश भनेर चिनिएकोजस्तै कर्णाली प्रदेश पनि एउटा भूपरिवेष्टित प्रदेश हो । त्यो अन्तर्राष्ट्रिय नाकाले त्यहाँ कसैले पनि छुँदैन । त्यहाँका सडकहरू, राजमार्गहरू, कर्णाली राजमार्ग दूर अवस्थामा छ । सधैंभरि जनप्रतिनिधिले आवाज उठाउने तर बजेटको नितान्तै अभाव हुने ।

र अहिले त्यहाँको जनताको आवश्यकता, मुगुमा एउटा नाग्चेलाग्ना, गमगढी-नाम्चेलाग्ना सडक छ, करिब ८९ किलोमिटर त्यसले चाइनाको सिमानामा बोडरमा हुन्छ । अहिलेसम्म ७२ सालबाट त्यहाँ सुरु भएको ट्र्याक खुल्न, करिब २१ किलोमिटर मात्रै ट्र्याक खुलिएको छ । पहिलो वर्ष २० करोड, त्यसपछि ७ करोड, ५ करोड, अहिले त्यहाँ चैं ३ करोड मात्रै विनियोजित बजेट छ । त्यहाँको जनताको आवाज राज्यले त्यसलाई छिटोभन्दा छिटो किनभने

जमुनाबाट अथवा नेपालगञ्जमा समान गर्दाखेरि करिब करिब ३ सय किलोमिटर टाढा पर्छ भने ९० किलोमिटरबाट हामीले चाइनाबाट त्यहाँ चैं सामान दुवानी गर्न सक्छौं ।

त्यस्तै भेरी कोरिडोरअन्तर्गत अस्ति एउटा चैं बेली ब्रिज बनाउँदा बनाउँदै भत्कियो, डोल्पाको । डोल्पा पनि अपर डोल्पा जहाँ चैं चाइना नजिक पर्छ । करिब जमुनादेखि डोल्पाको सदरमुकामसम्म र माथि चैं टेकु भन्ने ठाउँसम्म साढे ४ सय किलोमिटर छ । त्यसमध्येको दुनैसम्म ट्र्याक खुलेर अगाडि बढेको छ । त्यहाँको जनताको आवाज पनि त्यसलाई चैं व्यवस्थित तरिकाले त्यहाँको नाका खुल्नुपर्छ म सम्माननीय अध्यक्ष महोदयमार्फत हुम्लाको हिल्सा, डोल्पाको टेकु र मुगुको नाम्चेलाग्ना नाका मित्र राष्ट्र चीनसित संवाद गरेर त्यहाँको जनतालाई सहज हुने गरीमन बनोस् यो सरकारसित माग गर्न चाहन्छु । सम्माननीय अध्यक्ष महोदयमार्फत म यो कुरा राख्न चाहन्छु ।

अर्कोतिर कर्णाली प्रदेशको एउटा मात्रै विश्वविद्यालय छ, मध्यपश्चिम विश्वविद्यालय । २०५२ सालमा त्यहाँको जनताको ठुलो नेपालगञ्ज र सुर्खेती जनताको बिचको कहाँ राख्ने भन्ने विवाद लामो सङ्घर्षपछि त्यहाँका जनताले स्वःस्फूर्त ढङ्गले हामीले महायज्ञ गरेर व्यक्तिगत ढङ्गले करिब १० करोड जति हामीले चन्दा उठायौं । र ०६५ सालमा सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" हुँदाखेरि त्यो विश्वविद्यालय स्थापना भयो । आज त्यो विश्वविद्यालय निजी कम्पनीजस्तो बनाको छ । कि नेपाल सरकारको अर्थ मन्त्रालयले कुनै पनि अहिले नयाँ त्यहाँ पद सिर्जना नगर्ने, दरबन्दी सिर्जना नगर्ने भन्ने निर्देशन दिंदादिंदै पनि करिब १ सय हाराहारीको त्यहाँ विज्ञापन सुरु हुँदै छ, विज्ञापन गरिएको छ, त्यहाँ ८ ओटा विषयमा एफिलेसन दिंदै छ । भीसी काठमाडौंमा बसेर प्राइभेट कम्पनीका प्राइभेट कलेजसित डिल गरिराखेका छन्, करोडौंको डिल गरिराखेका छन् । जुन विषय त्यहाँ पढाइ नै हुँदैन । जुन विषय त्यहाँ पढाइ नै नहुने, त्यसको सिलबस नै छैन तर उसको चैं जाने जाने ८, ९ महिना बाँकी छ, भीसी साबले काठमाडौं बसेर डिल गरिराखुभ'को छ । विद्यार्थी अहिले रिले अनसनमा छन् । प्रध्यापकले ताला लगाएको छ । तर विश्वविद्यालय उहाँको व्यक्तिगत, निजी कम्पनीजस्तो बनाएर आफन्तलाई, एउटा उदाहरण मात्रै पहिला उहाँले चैं एउटा कार्यालय सहयोगी नियुक्ति गर्नुभो' । त्यसपछि त्यही कार्यालय सहयोगीलाई चैं सुब्बामा नियुक्ति गर्नुभो' । त्यसपछि त्यही कार्यालय सहयोगीलाई अधिकृतमा नियुक्ति गर्नुभो' । जुन विश्वविद्यालयको ऐनभन्दा विपरीत, जुन विश्वविद्यालयको ऐनभन्दा विपरीत आफू सुखी उहाँले नियमावली चेन्ज गर्ने, कार्यविधि बनाउने जसले चैं कानुनअनुसार कुनै पनि हालतमा हुँदैन । २५ जना डाक्टर ल्याउने भन्ने नाममा कुनै विषय नखुलाइएर उहाँले विज्ञापन गर्नुभएको छ । अहिलेसम्म त्यहाँ डिन नियुक्ति गर्नुभएन ।

उहाँले भन्नुहुन्थ्यो पहिला यो विश्वविद्यालय निजीकरण गर्ने होइन । आज उहाँ अन्तिम जाँदाजाँदै विश्वविद्यालय निजीकरण गर्दै हुनुहुन्छ, व्यापारीकरण गर्दै हुनुहुन्छ, उहाँले बेच्दै हुनुहुन्छ त्यहाँको जनताको, कर्णाली बासीको जनताको रगत र बलिदानबाट करिब हामीले ५२ देखि ६५ सम्म सङ्घर्षको माध्यमबाट ल्याएको, स्थापना गरेको विश्वविद्यालय कुनै लगानी नभएर प्रोफेसर, आफू प्रोफेसर जापानमा पढेको भन्ने तर विश्वविद्यालय आज एकदम डामाडोल अवस्थामा छ । वार्षिक ९ करोड घाटामा छ । आन्तरिक स्रोत सुनिश्चित छैन । आन्तरिक स्रोत सुनिश्चित नभएर अर्थ मन्त्रालयले दरबन्दी स्वीकृति दिएको छैन । नगर्नु भन्ने छ । त्यहाँ करिब साढे ४ सय दरबन्दी छ, स्वीकृति दरबन्दी तर त्यहाँ करिब ६ सयदेखि ७ सय मान्छेहरू, ३ सय, ४ सय अरू थप गरिएको छ । त्यसैले म सम्माननीय अध्यक्षमार्फत सरकारको शिक्षा मन्त्रालय र कुलपतिको ध्यानाकर्षण गराउन चाहन्छु । त्यो विश्वविद्यालयमा यथाशीघ्र छानबिन गरियोस् ।

त्यहाँभित्रको अनियमितता यहाँ दर्जनौं अख्तियारमा मुद्दा परेका छन् । तर केन्द्रको टङ्गालको निर्देशनमा ती कुनै पनि मुद्दा चैं पेन्डिङमा राखेको छन् । विशेष ...... राजनीतिक संरक्षणको आधारबाट मुद्दा चलानी गरिएको छ । टङ्गालले पनि, अख्तियार दुरुपयोग अनुसन्धान आयोगले, त्यसैले म तुरुन्तै त्यो अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि त्यसको छानबिन गरोस् । र विश्वबाद्यालयको बारेमा कुलपतिको निर्देशन जाओस् कि त्यो छानबिन गरेर त्यहाँभित्र भएका अनियमिततालाई बन्द गरियोस्, म यो कर्णाली बासीको तर्फबाट माग राख्न चाहन्छु । त्यहाँ आज सबै मैले अगि भनें विद्यार्थी, प्रध्यापक सबै आन्दोलित छन् तर उहाँ निर्धक्कका साथमा काठमाडौंमा तपाईंको कुनै रेष्टुरेन्टमा बसेर करोडौंको डिल गरिराखुभ'को छ । त्यो विश्वविद्यालय विश्वविद्यालय जस्तो हुँदैन । त्यसैले म तत्काल त्यसको चैं छानबिन गरोस् भन्ने सरकारसित सम्माननीय अध्यक्ष महोदयमार्फत ध्यानाकर्षण गराउन चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय तुलसा कुमारी दाहाल । त्यसपछि माननीय दुर्गा गुरुङ्ग । तुलसा कुमारी दाहाल, समय ८ मिनेट ।

**(१७:०० बजे) <u>माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, आज म केही समसामायिक विषयमा आफ्नो भनाइहरू राख्न चाहन्छु । वर्तमान नेपाल सरकार साम्माननीय पुष्पकमल दाहाल "प्रचण्ड"को नेतृत्वमा गठबन्धनको सरकार बन्दा केही प्रतिबद्धता गरेको थियो । यो पहिलो अधिवेशनबाटै केही विधेयकहरू पारित गर्ने भनिएको थियो । र समसामायिक बनाउने कुरा थियो । अब यो हिउँदे

अधिवेशनको पनि अन्त्य हुन लागेको छ । ती विधेयकहरू कहाँ छन्? सार्वजनिक खरिद ऐन, सार्वजनिक यातायात ऐन, स्थानीय प्रशासन ऐन, सङ्घीय निजामती ऐन, छाता विश्वविद्यालय ऐन, नागरिकतासम्बन्धी ऐन, स्वास्थ्य सेवा ऐन र शिक्षा ऐन कहाँ छन् सरकार?

सम्माननीय प्रधानमन्त्री भारत भ्रमणमा जाने हल्ला सुनिएको छ । अब यो आधिकारिक हो कि होइन? पत्रपत्रिकामा आएका कुरा, प्रधानमन्त्री भारतमा जाँदा के विषयलाई लिएर जाँदै हुनुहुन्छ? चुच्चे नक्साको बारेमा केही बोल्नुहुन्छ? लिपियाधुरा, लिपुलेक र कालापानीको बारे १९५० को सन्धिको विषयमा र भारतकै कारणले नेपाली जनताले र नेपालले भोग्नुपरेको समस्याको बारेमा केही उठान गर्नुहुन्छ? र जाँदै हुनुहुन्छ भने उहाँलाई शुभकामना व्यक्तगर्न चाहन्छु । र यो चुच्चे नक्सा र जग्गा प्राप्तिको विषय उठोस् । १९५० को सन्धिको विषय उठोस् । र भारतकै कारणले नेपाली जनाताले भोग्नुपरेको समस्याको कुरा उठोस् भन्न चाहन्छु ।

र मुलुक आर्थिक सङ्कटमा छ । जनता दिन दैनिक उपभोग गर्ने बस्तुहरूको मूल्य आकाशिएको छ । यातायातको मात्र अहिले दुई वर्षको अवधिमा ३३ प्रतिशत भाडा बढको छ । स्वास्थ्य, शिक्षा, खाद्यान्न अत्यधिक मूल्य बृद्धि भएको छ । जनतालाई राहत दिने, देशलाई आर्थिक सङ्कटबाट बचाउने सरकारको कार्यक्रम के छ? एमसीसी कता छ? के देशको जानकारी गराऊ सरकार? हामीले समाजवाद उन्मुख, आत्मनिर्भर समृद्ध अर्थतन्त्रको विकास गर्ने लक्ष्य राखेका होइनौं? यो ९ महिनाको अवधिमा सरकारले निजी क्षेत्र, वित्तीय क्षेत्र आर्थिक अवस्था नाजुक बनाइरहेको छ । लक्ष्यअनुरूपको राजस्व उठेको छैन । यो ९ महिनाको अवधिमा पचास प्रतिशत मात्र राजस्व उठेको छ । बाँकी अब तीन महिना यो आर्थिक वर्ष बाँकी छ । यो पचास प्रतिशतको राजस्व उठ्छ? के छ सरकारको योजना?

सम्माननीय राष्ट्रपति उपचारको क्रममा विदेशमा उपचार गर्दै हुनुहुन्छ । उहाँको स्वास्थ्य लाभको कामना पनि गर्दछु । सम्माननीय प्रधानमन्त्रीले मैले नै विदेशमा उपचारको लागि पठाएको हुँ पनि भनिरहनुभएको छ । राष्ट्रपति देशको अभिभावक हो । नेपाली जनताको अभिभावक हो । बाहिर किन लागियो? के को उपचार हुँदै छ? उहाँलाई स्वास्थ्य उपचार नेपालमा गर्न सकिन्थ्यो कि सकिँदैनथ्यो? वास्तविकता के थियो? संसद चलिरहेको बेलामा सम्माननीय प्रधानमन्त्रीले किन उचित ठान्नुभएन? किन जानकारी गराउन सक्नुभएन? आज सर्वसाधारण जनताहरू उपचारबिना मर्दैछन् स्वादेशमा । तर ठुलठुला मान्छेहरूको चाहिँ वैदेशमा उपचार हुँदै छ । यसले राम्रो सन्देश दिइरहेको छैन ।

सम्माननीय अध्यक्ष महोदय, तीन तहको सरकार बिचमा समन्वय र सहकार्य हुन नसक्दा संविधान अनुकूल ऐन बन्न नसक्दा निर्देशन र कार्यविधिको भरमा काम भइरहेको पाइन्छ । संविधानको धारा ५७ (१) मा राज्यशक्तिको बाँडफाँड, धारा १०९ मा व्यवस्थापिकीय अधिकार र प्रदेशको अधिकारको सूची, साझा अधिकारको सूची, स्थानीय तहको अधिकारअनुसार काम हुन सकिरहेको छैन । आवश्यक ऐन र कार्यविधि नबन्दा अन्तरमन्त्रालयको समन्यव पनि हुन सकिरहेको छैन । नेपाली जनताले लामो सङ्घर्ष र बलिदानबाट प्राप्त भएका अधिकार उपलब्धिहरूमाथि नै आज धावा बोल्न थालिएको छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्र विरुद्धमा कदम चाल्ने प्रश्न उठ्न थालेको छ । राजनीतिक दलहरू जस्तो पनि गठबन्धन गर्ने, सहमति गरिहाल्ने, काम चै कहिले नगर्ने यो रोगका शिकार बन्दै छन् ।

सम्माननीय अध्यक्ष महोदय, म एउटा उदाहरण प्रस्तुत गर्न चाहन्छु । २०७८ साल असोज १४ देखि १९ गतेसम्म कर्णाली प्रदेशको जुम्लामा अविरल वर्षा पर्छ । वर्षा हुन्छ । जुम्ला र मुगुका जिल्लामा १४२ घर पहिरोले बगाउँछ । ८ जनाको निधन हुन्छ । सरकारले सङ्कटग्रस्त क्षेत्र घोषणा गर्छ तर राहात र सहयोगको नाम केही पनि गर्दैन । यो एउटा उदाहरण मात्रै हो । जनताको चहऱ्याएको घाउमा मौखिक मलम लगाउने तर व्यवहारमा केही नगर्ने, यो लाजमर्दो व्यवहार हो सरकारको । कार्यपालिका यति बेला सभामुखको अधिकारको कटौतीको विषयमा तलिन छ । जमर्को गर्दैछ । किन सभामुख भनेको राज्यको एक संरचना हो । आज त्यहाँ कोही छ र भोली कोही हुने छ । गरिमामय संसदलाई अनुशासित रूपमा सुचारू रूपमा संचालन गर्न आवश्यक अधिकारसहित बलियो बनाउनुपर्नेमा किन कमजोर बनाउने प्रयास भइरहेको छ? कसलाई रिजाउन, खुसी पार्न तलिन हुनुहुन्छ? यो प्रश्न राख्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, सरकारले अगि सारेका राष्ट्रिय गौरवका आयोजनाहरू कहिले पूरा हुने हुन? भन्ने अनुश्चिता छ? हिमाल र पहाडका जनता, हिमाल र पहाडका जनता नहुने जमिन मात्र बाँकी हुने अवस्था सृजना हुँदै छ । सडक सञ्जाल विद्युतीय व्यवस्थापन जीवनयापनका कठिनाइले दुर्गम क्षेत्रबाट सहरी र सुगमतिर जनताहरू बसाइँ सरिरहेका छन् । यसतर्फ सरकारको ध्यान गएको छ कि छैन? प्रश्न गर्न चाहन्छु । कुनै स्थानमा जनसङ्ख्याको चापले कुनै ठाउँमा जनसङ्ख्या बढ्ने र कुनै ठाउँमा चाहिँ जमिन मात्र बाँकी हुने कुरोले जनसङ्ख्याको सन्तुलन विकास हुन सक्दैन । समानुपातिक न्याय र समान विकासको लागि सोच्ने बेला भएन र? सरकारको योजना के छ जानकारीको लागि म आग्रह गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, नेपाल सरकार, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले आर्थिक वर्ष २०७९/८० को लागि एक अर्ब ७७ करोड बजेट विनियोजन गरेको

थियो । जसमा राष्ट्रपति महिला उत्थानका लागि ४ करोड पनि विनियोजन गरेको थियो । ९ महिनाको अवधिमा दुर्गम क्षेत्रका गर्भवती, सुत्केरी महिलाहरू कति जनाको उद्धार गरियो?

कर्णाली प्रदेशमा १५ देखि २५ वर्षभित्रका महिनाहरू गर्भवती हुन्छन् । र ८० प्रतिशत गर्भवती हुने रहेछन् । महिना पहिला भन्ने कार्यक्रम कहाँ सञ्चालन भएका छन् जानकारी पाऊँ? लामो दुरी हिँडेर विद्यालय जाने छात्राहरूका लागि छात्रावास निर्माण गर्ने भनिएको थियो कहाँ र कुन ठाउँ छात्रावास बन्दैछ? घरेलु हिंसा यौनजन्य पीडित महिलाका लागि अस्थायी आवास सुविधा कानुनी सहयोगको विषयमा कति जनालाई ऊ गरियो? कानुनी सहयोग प्रदान गरियो? यसको पनि जानकारीको माग राख्न चाहन्छु । अटिजम मानसिक अपाङ्गता स्पाइरल इन्जुरी पीडित महिलाहरूको लागि राहात र पुनर्स्थापनको बिषयमा कति जनालाई सहयोग गरियो? द्वन्द्वको समयमा यौनजन्य हिंसा पीडित मनोसामाजिक विमर्श आर्थिक सहायता रोजगारी कतिलाई प्रदान गरियो?

तनहुँ जसल्लाको ढकालटारमा बाल सुधारगृह बनाउने योजना थियो के भएको छ? स्थानीय तहमार्फत एक परिवार एक विद्युतीय चुलो र विद्युत् पहुँच नभएको ठाउँमा धुँवामुक्त भान्साको अभियान सञ्चालन गर्न सुनिएको थियो । कति जनालाई यो कहाँ कहाँ वितरण भएको छ? यस्तै मिटरब्याजीको कारोबारको विषयका गैरकानुनी हो । कानुनले चिन्दैन । (सम्माननीयज्यू, मलाई एक मिनेट थप दिनुहोला ।) सर्वसाधरण जनता मिटरब्याजीहरूको चगोलमा फसेका छन् । यो सामन्ति समाजको अवशेष पनि हो । सोझा, सिधा जनतालाई ढाँटेर धन कमाउने, ठगेर धन कमाउने मेलो पनि हो । यसको समाधानका लागि सरकारले पहल गर्नैपर्छ । जनतालाई सचेत गराउँदै छानबिन गरी उचित समाधानको लागि पहल गर्नुपर्छ । तर सरकारले वित्तीय मध्यस्थ गर्नुहुँदैन । समाधानको लागि पहल गरियोस् भन्न चाहन्छु ।

२०८० साल वैशाख १३ गते नेकपा एमालेका श्रद्धेय अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीलाई झापामा केही समूहले दुर्व्यवहार गर्ने र कालो झण्डा देखाउने कार्य गरियो । यो सङ्घीय लोकतान्त्रिक गणतन्त्रप्रति कै प्रश्न हो । म यो घटनाको भर्त्सना गर्न चाहन्छु । हुलहुज्जत गर्ने हो थिएँ?, किन गरेका हुन्? अब के हुन लागिरहेको छ । अब कार्यक्रममा हिँड्न नसक्ने अवस्था सृजना हुँदै छ । यो कार्य निन्दनीय कार्य भोलिका दिनमा अरूले पनि भोग्नुपर्ने हुन सक्दछ । त्यसैले समय रहँदै सोच्नका लागि म आग्रह गर्न चाहन्छु । ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय दुर्गा गुरुङ्ग । समय ५ मिनेट । त्यसपछि माननीय गंगा कुमारी वेलबासे ।

(१७:०९ बजे) **माननीय श्री दुर्गा कुमारी गुरुङ्ग (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, पानी हरेक जीवनको प्रयोगको रूपमा रहन्छ । पानीबिना जीवनको परिकल्पना गर्न सकिँदैन । नेपाल सानो छ । हिरा र मणि जस्तै महत्त्व, महत्त्वको छ । विश्वको ब्राजिलपछिको दोस्रो धनी मुलुक, मुलुकको रूपमा नेपाल पानी चिनिन्छ । तर आजको दिनमा विश्व प्रविधि अनुसन्धान र खोजमा तीव्रगामी छलङ्गा हानिरहेको छ । हामी आधारभूत आवश्यकताहरू परिपूर्ति गर्न नसकेर जनताको, जनताले भोगिरहेको पीडामा मलम लगाउन सकिरहेका छैनौं । तसर्थ स्वच्छ पानी खानेपानीको व्यवस्था गर्नुपर्ने हाम्रो पहिलो कर्तव्य हो ।

सम्माननीय अध्यक्षज्यू, कर्णाली प्रदेशको राजधानी रहेको वीरेन्द्रनगर सुर्खेत उपत्यकामा दिनप्रतिदिन जनसङ्ख्या बृद्धि भइरहेको तर विक्रम संवत् २०५७ सालमा स्थापित सुर्खेत उपत्यका खानेपानी उपभोक्ता संस्थाले खानेपानी आपूर्ति गर्दै आए पनि मागअनुसार पानी उपलब्ध हुन सकेको छैन । उक्त माग पूरा गर्नका लागि भेरी नदीको पानी पम्पिङ्ग गरी वितरण गर्नुपर्ने र त्यसका लागि प्रदेश सरकार र वीरेन्द्रनगर नगरपालिकाको संयुक्त प्रयासमा योजना अगि बढे पनि उक्त योजना बृहत योजना अगि बढे पनि उक्त भएकोले सङ्घको सरकारले नै पूर्ण जिम्मेवारी लिई योजना सम्पन्न गर्नका लागि आवश्यक बजेट छुट्याई योजना सम्पन्न गर्न सुर्खेत उपत्यका खानेपानी योजना साविक एक झुप्रा खोला, खोहरे खोला बोहरी खोला, इत्रम खोला, खोर्पे खोलाबाट सञ्चालन भएको खानेपानी हाल भेरी नदीबाट लिफ्ट विगत तीन चार वर्षबाट डीपीआर हुँदै तुरून्त टेन्डर हालेर सुर्खेत बासीहरूको पानीको समस्याको समाधान गर्नुपर्छ । दैनिक खाने पानी आवश्यक २५०, २ करोड ५० लाख लिटर आवश्यक छ । तर हाल दैनिक, दैनिक सुख्खा सिजनमा ७७/७५ लाख लिटर मात्र आउँछ । भेरी नदी लिफ्ट लागत ६ अरब ९० करोड लगायत छ । संघीय सरकार र वी.नपा.को संयुक्त लगानी तर सम्झौता नभएको चाहन्छु ।

सम्माननीय अध्यक्ष, अध्यक्षज्यू, सुर्खेत उपत्यकामा चार, चार लाखभन्दा बढी जनसङ्ख्या रहेको र कर्णाली प्रदेश राजधानी वीरेन्द्रनगर नगरपालिका भएको कारण बढ्दो सहरीकरण र जनसङ्ख्याका कारण हर्सौं दिन कुरेर पानी पाउने बाध्यता स्थिति सृर्जना भएकोले । र बुलबुले ताल काँक्रिविहार देउती बज्यै मन्दिर जस्ता पर्यटकीय स्थल भएकाले आन्तरिक तथा बाहिरी पर्यटनको सम्भावनालाई मध्यनजर राख्दै उक्त योजनालाई सङ्घीय सरकारलाई यसैबाट आ.व.बाट

पर्याप्त मात्रामा बजेट विनियोजन गरी सुर्खेत उपत्यकाको खानेपानी समस्या समाधान गर्न ध्यानआकर्षण गराउन चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, कर्णाली प्रदेश अथाह सम्भावनाको खानी भए पनि आर्थिक र व्यवस्थापनको समस्याले गर्दा कर्णाली चुनौतिमय बनेको छ । र वीरेन्द्रनगर कर्णाली प्रदेशको राजधानी भएकोले आधारभूत कुराहरू मात्र नभएर विकास र समृद्धिको सुरुबाट हुनुपर्ने भएकोले खानेपानी जस्तो गम्भीर विषयमा सरलता र सहजताको लागि सङ्घ सरकारको अभिभावकत्व र कर्तव्य हुने भएकोले यस कार्यमा छिटोभन्दा छिटो ध्यान पुऱ्याउन केन्द्रित गर्दछु । र सरकारले खानेपानीका ठुला मझौला र साना योजनाहरूको लागि प्राथमिकताका साथ अगाडि बढाउनुपर्छ भन्ने कुरा ध्यान केन्द्रित गर्दछु । र राष्ट्रिय निकुञ्ज, राष्ट्रिय निकुञ्जका कारण कर्णाली प्रदेशमा विद्युतीय लाइन समस्यामा परेको हुँदा यसको पनि सरकारको गम्भीर ध्यानआकर्षण गराउन चाहन्छु । हवस्त, धन्यवाद । जय नेपाल ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय गंगा कुमारी वेलबासे । समय ८ मिनेट । त्यसपछि माननीय भगवती न्यौपाने ।

(१७:१५ बजे) **<u>माननीय श्री गंगा कुमारी वेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, नेपालको ठोरी र केरुङ मार्ग, केरुङ नाका देशकै सबैभन्दा छोटो दुरीले जोड्ने नाका हो । मैले योभन्दा अगाडि ११ महिना अगाडि यो सदनमा सम्मानित सदनमा, उक्त विषयलाई उठाएको थिएँ । यति बेला हाम्रो बजेट व्यवस्थापनको समय भएको । त्यसो हुँदाखेरि यसलाई एउटा गौरवको योजना बनाइयोस् । यो परियोजनालाई भन्ने कुरा म नेपाल सरकारसँग माग गर्न चाहन्छु ।

ठोरी नाका नेपाल भारतको ऐतिहासिक नाका हो । ठोरी नाकाले नेपालमा भारतले लगाएको नाकाबन्दीको बेला पनि पेट्रोलियम पदार्थ उपलब्ध गराउँदै राहत दिएको थियो । बागमती प्रदेशको एकमात्र भारतसँग जोडिएको नाका हो । यसको स्तरउन्नती गर्न, नाका खोल्न म नेपाल सरकारसँग माग गर्दछु । चीनको केरुङ नाका र चितवन माडीमा रहेको ठोरी नाकाको सडक मार्गले जोड्दा जम्मा १ सय ९२ प्वाइन्ट ८ किलोमिटरमा यो दुरीलाई जोड्न सकिन्छ । यो दुई नाका जोड्नको लागि ठोरी-केरुङ त्रिदेशीय मार्ग राष्ट्रिय परियोजना बनाउनको लागि बजेट व्यवस्थाको लागि मैले अगाडि नै भनिसकेको छु । ठोरी, बाँदस्झुला, कुसुमखोला प्याउली, बगई, बनकट्टा हुँदै ध्रुर्वदघाट हुँदै जगतपुर बरन्डको जङ्गल किनार हुँदै गोद्रयाङ्ग,

भण्डारा, मलेखु, गल्छी, विदुर, मैलुङ्ग, साप्रुङ्गवेसी, रसुवागढी, केरुङलाई जोड्यौं भने यसले हामीलाई धेरै सहयोग गर्ने छ । यसबाट देशलाई धेरै फाइदा हुने छ । र हामीले व्यापार बिजनेसको हिसाबले सबैभन्दा सुगम, सरल र सहज ढङ्गले अगाडि बढ्न सक्छौं?

यो परियोजनाबाट लाभान्वित हुने जिल्लाहरू चितवन, धादिङ, नुवाकोट, रसुवा त हुँदै हुन् । सिङ्गो देशलाई यो हाई वेले समृद्ध बनाउन सक्छ । व्यावसायी बनाउन सक्छ । उद्यमी बनाउन सक्छ । र हाम्रो अन्तरदेशीय बिजनेसमा यसले सहयोग गर्न सक्छ । ठोरी-केरुङ मार्ग देशको मध्यबिन्दुमा पर्ने भएकोले, पूर्वपश्चिम राजमार्गलाई जोड्ने भएकोले, देशकै सबैभन्दा सबै भूगोललाई सुगम बनाउन सक्छ । देशै सबै भूगोलमा यसले सुगमता थप्न सक्छ ।

चीन, भारत, बङ्गलादेशबाट आउने धार्मिक पर्यटकलाई गोसाइकुण्ड, पशुपति र लुम्बिनीलाई सडक मार्गबाटै छोटो समयमा जोड्न सक्छौं । र यसबाट पर्यटकीय क्षेत्रमा हामीले धार्मिक पर्यटकको क्षेत्रबाट हामीले आम्दानी गर्न सक्छौं । गण्डकी प्रदेश, मधेस प्रदेश, लुम्बिनी र बागमती यसका आसपासमा रहेका प्रदेशहरूलाई विशेष औद्योगिक क्षेत्र घोषणा गर्दै देशको अर्थतन्त्रको मेरुदण्ड उद्योग र व्यवसायतर्फ फर्काउन बल पुग्ने कुरामा म जोड दिन चाहन्छु ।

चितवन, माडीमा केरुङ, ठोरी मार्ग रिउ कोरिरोड हुँदै आउने गरी अनुगमन गरी ट्र्याक खोलिएको छ । नदी उकासको जग्गाबाट चितवनमा कृषि उत्पादनमा आत्मनिर्भर बनाउन ठुलो टेवा पुर्याउने कुरा अध्यक्षमार्फत यस सम्मानित सदनलाई म जानकारी गराउन चाहन्छु । सरकारले यो वर्षको बजेट उत्पादन मुखी क्षेत्र, देशलाई आत्मनिर्भर बनाउने क्षेत्र, नेपाललाई योग्य र दक्ष बनाउने क्षेत्रमा लगानी गरोस् भन्ने माग गर्दछु ।

यसै क्रममा सरकारले नेपालमा निर्माण गरिएको मोटरसाइकल दर्ताको प्रक्रियालाई अगाडि बढाउने क्रममा कार्यविधि नै संशोधन गरेर दर्ता गर्न अनुमति दिएको छ । र नेपालमा निर्माण भएका सवारी साधनहरूलाई च्याचिस नदोहोरिने गरी दर्ता गर्ने प्रक्रिया अगाडि बढेको हुँदा त्यो क्षेत्रमा लागिरहेका नेपाली वैज्ञानिकहरू जो हुनुहुन्छ, उहाँहरूको एउटा सम्मान भएको छ । र थप लग्नको लागि पनि नेपाल सरकारले त्यहाँ सहयोग गरेको छ, भने म यो कुरा राख्न चाहन्छु ।

यसै गरी राष्ट्रिय सरकार केन्द्र, आविष्कार केन्द्रको मागप्रति मेरो ध्यानाकर्षण भएको छ । सरकारले उक्त जायज मागहरूलाई सम्बोधन गरी उहाँहरूलाई काममा फर्काउनको लागि सहयोग गरोस् भन्ने कुरमा म जोड दिन चाहन्छु ।

यस्तै गरेर चितवनमा त्रिभुवन विश्वविद्यालय कृषि र पशु विज्ञान अध्ययन संस्थान रामपुर क्याम्पस अहिले पनि खैरेनीमा भाडामा बसिराखेको छ । सबै क्षेत्रबाट उक्त रामपुर क्याम्पसलाई जग्गा दिने व्यवस्था भइसकेको छ । र त्यसको यो खैरेनी नगरपालिका वडा नम्बर ४ मा त्रिभुवन विश्वविद्यालय रामपुर क्याम्पसलाई निर्माणका लागि ३ सय ५४ विगाह १५ कठ्ठा १ धुर उपयुक्त जग्गा व्यवस्था भइसकेको छ । यसमा नेपाल सरकारले सहज ढङ्गले उपलब्ध गराउन पठनपाठनलाई सहयोग गर्नको लागि नेपाल सरकारले थप गर्न पर्ने सहयोग गरोस् । भन्ने कुराहरू राख्दै मेरो आफ्नो भनाइ यहीँ अन्त गर्छु । हवस्त, धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय भगवती न्यौपाने । समय १० मिनेट ।

(१७:२१ बजे) **माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, सबैभन्दा पहिला नेकपा एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीमाथि झापामा एउटा कार्यक्रममा जाँदै गर्दाखेरि जुन खालको दुर्व्यवहार गरियो । ढुङ्गा, बुडा गर्नेसम्मको काम गरियो । त्यसप्रति म खेद व्यक्त गर्न चाहन्छु ।

सुनिँदै छ त्यहाँ सत्तापक्षका कार्यकर्ताहरूको समेत घुसपैठ भएको थियो । यस विषयमा सत्यतथ्य छानबिन गरेर दोषीलाई कारबाही गरियोस् म यो माग गर्न चाहन्छु । आज जतातते चर्चा चलिरहेको छ, देशको अर्थतन्त्रको विषयमा, देशको अर्थतन्त्रको चित्रले बताइरहेको छ । देश धेरै सङ्कटमा छ भनेर । यहाँ माननीयज्यूहरूले पनि त्यही चर्चा गर्नुभो' एकातिर तरलताको अभाव छ । व्यापार घाटा छ ।

(१७:२२ बजे) **पुनःपीठासीन**:- सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिना ।

**माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सबैतिर सङ्कटै सङ्कट छ । र फेरि भनिएको छ । राष्ट्र बैङ्कको गभर्नरमाथि दोष थुपारेर सरकार उम्किन कोसिर गरिरहेको छ । वास्तवमा सरकारका मन्त्रीज्यूहरूले, प्रधानमन्त्रीज्यूहरूले भाषण गरेको पनि सुन्यौं । अर्थमन्त्रीज्यूले लामो समयसम्म, लामो समय लिएर यही सम्मानित सदनमा भाषण गर्नुभो' अर्थतन्त्र सङ्कटमा छैन भनेर बोल्नुभो' । अर्थमन्त्रीज्यूले मात्र होइन प्रधानमन्त्रीज्यूले पनि धेरै पटक धेरै कार्यक्रमहरूमा यही भाषा बोलेको सुनिएको छ । हामीले सुन्दै छौं तलब खुवाउने

पैसा छैन । चार महिनापछाडि ऋण खोजेर ४ खर्ब असारपछाडि ४ खर्बजति ऋण खोजेर तलब खुवाउन पर्ने अवस्था छ कर्मचारीलाई । पेन्सन दिन त्यही समस्या छ । कर्मचारीहरूलाई, शिक्षकहरूलाई पेन्सन दिन नसक्ने अवस्था छ । यति डर लाग्दो चित्र मुलुकको अगाडि छ । तर पनि सरकार हल्का ढङ्गले प्रस्तुत भइरहेको छ ।

अगि पनि कुरा उठ्यो व्यवसायहरू आज यति धेरे समस्यामा हुनुहुन्छ । बैङ्कले ऋण दिएरहेको छैन । ऋण तिर्न गाह्रो भइरहेको छ । मुख्य सहरहरूमा व्यावसायीहरू चल्न नसकेर सटरहरू बन्द भएको कुरा यहाँ उठिसकेको छ । जताततै मुख्य सहरहरूमा धेरै सटरहरूमा टुलेट लेखेको हामीले भेट्छौँ । के देशको अर्थतन्त्र सुदृढ भएको भए आज व्यवसायीहरूको अवस्था यस्तै हुन्थ्यो? जसले यो देशको राजस्वमा धेरै ठुलो रकम योगदान गर्नुहुन्छ, व्यवसायीहरू टाउको समातेर रुन थाल्नुभएको छ । यस्तो परिस्थिति कसरी निर्माण भयो? घोत्लिन जरुरी छ कि छैन? तर सरकार घोत्लिँदैन । तर सरकारका आज पनि भाषण हामी सुन्छौं ।

अस्ति मात्रै उपनिर्वाचन तीनओटा निर्वाचन क्षेत्रमा उपनिर्वाचन भयो । सरकारका प्रधानमन्त्री जानुभो' उपनिर्वाचन भएका क्षेत्रहरूमा जानुभो' तनहुँमा जानुभो', चितवनमा जानुभो', हेलिकप्टरमा उडेर जानुभो' र त्यहाँ पूर्वप्रधानमन्त्रीहरूसमेत लिएर बाहालवाला प्रधानमन्त्री र पूर्वप्रधानमन्त्रीहरूसमेत गरेर चारजना जानुभयो र भन्नुभयो अर्थतन्त्र हाम्रो सङ्कटमा छैन । तपाईंले फलानोलाई जिताएर पठाउनुहोस् । जिताएर पठाउनुहोस्, एकातिर मन्त्रिपरिषद्ले पूर्णता पाइरहेको छैन । र अर्कोतर भन्नुभो' तपाईंहरूले जिताएर पठाइदिनुहोस् । फलानो व्यक्तिलाई जिताएर पठाइदिनुहोस् । एक जना पार्टीको सभापति, एउटा पार्टीको सभापतिले पूर्वप्रधानमन्त्री हुनुभएको व्यक्तिले भन्नुभो' म मन्त्री बनाउनका निम्ति सिफारिस गर्छु । अनि प्रधानमन्त्रीज्यू बोल्नुभो' र भन्नुभो' उहाँले मन्त्री बनाउन सिफारिस गर्छु भन्नुभो' प्रधानमन्त्री म हो म मन्त्री बनाइदिन्छु त्यसैले जिताएर पठाइदिनुहोस् ।

अर्कोजिल्लामा जानुभो' चितवनमा जानुभो' त्यही भाषण गर्नुभो' । यस्ता भाषणले जनताको मन छोयो? यस्तो भाषणले आज जनताको मन छोइरहेको छ? जनता दिन प्रतिदिन कसरी जिउने भन्ने खालको अवस्था सृजना भइरहेको छ । यहाँ हामीलाई लागिरहेको छ । तपाईंहरू जनातालाई गरिब भइराखुनन् भन्ने चाहनुहुन्छ? त्यही चाहनुहुन्छ भन्ने आज लागिरहेको छ । जनतालाई गरिब बनाइराख्ने निर्वाचनको बेलामा तिनै जनताको मत किनेर, भोट किनेर चुनाव जित्ने । उनीहरूलाई धनी बनाउनेतिर ध्यान छ जस्तो सरकारको मलाई लाग्दैन । त्यसले आज तपाईंहरूको  भाषण सुन्दा जनताहरू दिक्क भइसकेका छन् । तपाईंहरूको भाषणप्रति

इरिटेसन भइसकेको छ जनतालाई । त्यसैले यस्ता भाषणले जनताको मन जित्न सकिन्छ भन्ने लाग्दैन ।

प्रधानमन्त्रीज्यू, मसँग अब  समय पनि धेरै छैन भनेर अब मैले गर्ने हो, केही गर्ने हो, राष्ट्रलाई केही योगदान दिने हो भनेर हिजो तपाईंले प्रधानमन्त्रीको सपथ खाँदै गर्दाखेरि तपाईंले यही बोल्नुभएको थियो । हामीले यही कुरा सुनेका थियौं । केही गर्नुहुन्छ कि त भनेर भन्ने पनि लागेको थियो । तर आज तपाईंले जे  गर्नुभएको छ, जे गरिराख्नुभएको छ, भन्नुहुन्छ एकातिर । एउटा आसा जागेको जब चुनाव भयो चुनाव सम्पन्न भइसके पछाडि एउटा सरकार बन्यो । तपाईंकै नेतृत्वमा बनेको थियो । अर्थमन्त्री जो हुनुहुन्थ्यो केही आसा जगाउनुभएको थियो । केही सकारात्मक सूचकहरू देखापर्न थालेका थिए । सकारात्मक सूचकहरू देखापर्न थालेका थिए । जनतालाई विश्वास जागिरहेको थियो । तर त्यो सरकार तपाईंकै कारणले टिकेन तपाईं जानुभो' कता? तपाईंले गठबन्धन गर्नुभो' कता? र भन्नुभो' के मेरो त लब यतातिर परिरहेको छ । तपाईंको लब कता परिरहेको छ सँग हामीलाई सरोकार छैन । तर तपाईंले देशलाई लब गर्नुभएको छ? तपाईंले जनतालाई लब गर्नुभएको छ? लब गर्नुभएको छैन । तर तपाईंले लब कहाँ गर्नुभएको छ? आफ्नो स्वार्थ, स्वार्थसँग लब गर्नुभएको छ । स्वार्थका निम्ति को कोसँग लब गर्नुभएको छ? त्यसमा जनतालाई कुनै खाचो छैन । जनतालाई कुनै सरोकार छैन । यद्यपि तपाईंको इतिहासलाई हेर्दै गर्दाखेरि तपाईंलाई जतिबेला प्रश्न गर्छन् जनताले जति बेला हामी प्रश्न गर्छौं तपाईंको एउटा जवाफ हुन्छ । एउटै जवाफ हुन्छ त्यो जवाफ केहो भने लडेर बएको हो, संघर्ष गरेर आएको हो । अनि बलिदान गरेर आएको हो । त्यही जवाफ हुने गर्दछ । र त्यो बलिदान गरेर गणतन्त्र ल्याएको हो । त्यही जवाफ हुने गर्दछ । तर म भन्न चाहन्छु । तपाईंको बलिदान आज मिटरब्याजमा उठाइसक्नुभएको छ, सम्माननीय प्रधानमन्त्रीज्यू त्यसैले हिसाब किताब गर्नुहोस् । तपाईंले खेलेका भूमिका यो देशका निम्ति हितमा छ? यो देशको हितमा कति छ? विगतदेखि नै तपाईंका भूमिकाहरू कस्ता रहँदै आएँ । तपाईंको प्रदुषित खेलले हैरान भइसक्यो । जनताले सास्ती पाइसके । धेरै सास्ती पाइसके । धेरै दुःख पाइसक्यो जनताले । धेरै दुःख पाइसके । अब तपाईंबाट कुनै आसा पनि छैन । तपाईंबाट कुनै भरोसा पनि छैन । यो गठबन्धन कति टिक्छ? त्यति जनताले दुःख पाउछन् ।

देश श्रीलङ्का नै हुन्छ । देशको अर्थतन्त्र टाट पल्टिन्छ । अब तपाईंले यो देशको अर्थतन्त्रलाई ट्र्याकमा ल्याउन सक्नुहुन्छ भन्ने  विश्वास हामीलाई कति पनि छैन । जनतालाई कति पनि छैन । अनि चनावमा जानुहुन्छ । भाषण गर्नुहुन्छ । राज्यको, तपाईं देशको प्रधानमन्त्री हो । अनि सत्ता पक्षका सांसदहरू जान्छन् । र जनतालाई धम्काउछन् र

भन्छन् । सङ्घको सरकार हाम्रो हो, प्रदेशको सरकार हाम्रो हो, स्थानीय तह हाम्रो हो । त्यसैले खबरदार भोट हालेनौं भने विकास पाउँदैनौं । यसरी जनतालाई धम्काइन्छ । सत्ताले यसरी जनतालाई धम्काइरहेको छ । त्यसैले अब त भन्ने बेला भइसकेको छ । सम्माननीय प्रधानमन्त्रीज्यू तपाईंबाट यो देश बन्दैन । तपाईं खेल्ने हो, तपाईं खेलाउने हो । तपाईं भाड्ने हो । तपाईं भडाउने हो । त्यसैले अब तपाईंबाट यो देश चल्दैन । त्यसैले तपाईंको बहिरगमन कहिले? यही प्रश्न म गर्न चाहन्छु । र म यति भन्न चाहन्छु ।

अब हामीले हिजो पनि भनेका थियौं । हिजो हामीले भनेका थियौं । हिजो बजेट भाषण भइसके पछाडि बहस गर्दै गर्दाखेरि यो देशमा आयात घट्छ । निर्यात बढ्छ भनेर त्यतिखेरको गठबन्धनको सरकारले भन्दै गर्दा हामीले प्रश्न गर्यौं । अर्को साल पनि बहस गरौंला । हुन्छ त्यही त्यस्तै हुन्छ त? तपाईंहरूमाथि प्रश्नै प्रश्न गरेका थियौं । तर आज पनि ती प्रश्नहरू जिउकातिउ छन् । आज पनि आयात बढेको बढै छ । निर्यात कमजोर छ । त्यसैले गर्दा बजेट बन्दै छ । म फेरि पनि भन्न चाहन्छु अब सिस्टम बदलौं, सिस्टम बदलौं । अब एउटा माननीयले फाइल बोकेर मन्त्री कहाँ २ लाखको योजना ४ लाखको योजना पार्दिनुहोस् न भनेर दिनभरि, मन्त्रीलाई कुरेर स्वकीय सचिवलाई मलाई भेटाइदिनुहोस् न भनेर मन्त्रीज्यूलाई भेटाइदिनुहोस् न भनेर बाहिर कुरेर बस्ने त्यो अवस्थाको अन्त्य होस् । सिस्टमले बजेट प्राथमिकता योजना सिस्टमले चाहिँ एउटा योजना पार्ने त्यो खालको सिस्टमको विकास गरौं । धन्यवाद ।

(१७:३१ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड"को तर्फबाट माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किरातीलाई राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको वार्षिक प्रतिवेदन, २०७८/७९ सभासमक्ष पेस गर्न समय उपलब्ध गराउँछु ।

(१७:३२ बजे) **माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री सुदन किराती**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको वार्षिक प्रतिवेदन, २०७८/७९ सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

**(१७:३३ बजे)** **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, माननीय सदस्य जयन्ती देवी राईलाई राष्ट्रिय सभाअन्तर्गतको राष्ट्रिय सरोकार तथा समन्वय समितिबाट विधायन व्यवस्थापन समितिमा रहने गरी समिति हेरफेर गरेको छु ।

माननीय सदस्यहरू, समिति हेरफेरसम्बन्धी प्रस्तावित नामलाई सभाको सहमति जनाई दिनुहुन अनुरोध गर्दछु ।

(माननीयज्यूहरूले टेबल ठोकेर सहमति जनाउनुभएको ।)

माननीय सदस्यहरू, प्रस्तावित नामलाई सभाले सहमति जनाएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, सङ्घीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली, २०७५ नियम २७ को उपनियम (२) बमोजिम राज्यका निर्देशक सिद्धान्त नीति र दायित्वको कार्यान्वयन र अनुगमन मूल्याङ्कन समितिमा राष्ट्रिय सभाबाट देहायबमोजिमको माननीय सदस्यहरूको नाम मनोनयन गरेको छु ।

माननीय सदस्य प्रमिला कुमारी

माननीय सदस्य भैरव सुन्दर श्रेष्ठ

माननीय सदस्य मदन कुमारी शाह (गरिमा)

माननीय सदस्यहरू, प्रस्तावित नामलाई सभाको सहमति जनाइदिनुहुन अनुरोध गर्दछु ।

(माननीयज्यूहरूले टेबल ठोकेर सहमति जनाउनुभएको ।)

माननीय सदस्यहरू, राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समितिमा प्रस्तावित नामलाई सभाको सहमति भएको बेहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १५० बमोजिम राष्ट्रिय सभाअन्तर्गतको विधायन व्यवस्थापन समितिको सभापतिको निर्वाचनका लागि मिति २०८० वैशाख २५ गते सोमवार अपराह्न २:०० बजेको समय तोकेको छु । समिति सभापतिको निर्वाचनसम्बन्धी कार्यक्रमको सूचना प्रकाशन गर्न राष्ट्रिय सभाका सचिवलाई निर्देशन गर्दछु ।

माननीय सदस्यहरू, नेपालको संविधानको धारा ११२ र राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ११६ बमोजिम अब म माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किरातीलाई राष्ट्रिय सभामा विचाराधीन "प्रतिलिपि अधिकार (पहिलो संशोधन) विधेयक, २०७६ फिर्ता गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**(१७:३४ बजे)** **माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री सुदन किराती**:- सम्माननीय सभाअध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय सभामा विचाराधीन "प्रतिलिपि अधिकार (पहिलो संशोधन) विधेयक, २०७६ फिर्ता गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्न चाहन्छु । धन्यवाद ।

**(१७:३५ बजे)** **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किरातीले पेस गर्नुभएको राष्ट्रिय सभामा विचाराधीन "प्रतिलिपि अधिकार (पहिलो संशोधन) विधेयक, २०७६ फिर्ता गरियोस्" भन्ने प्रस्तावमाथि कुनै पनि माननीय सदस्यबाट विरोध नभएको हुदाँ उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ, "राष्ट्रिय सभामा विचाराधीन "प्रतिलिपि अधिकार (पहिलो संशोधन) विधेयक, २०७६ फिर्ता गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भई सभाबाट उक्त प्रतिलिपि अधिकार (पहिलो संशोधन) विधेयक, २०७६ फिर्ता भएको घोषणा गर्दछु ।

(माननीयज्यूहरूले टेबल ठोकेर सहमति जनाउनुभएको ।)

मानननीय सदस्यहरू, राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १८४ को उपनियम (१) बमोजिम सभामा १० दिनभन्दा बढी अनुपस्थित रहनुहुने देहायबमोजिमका माननीय सदस्यको सूचना सोही नियमावलीको उपनियम (४) बमोजिम सभाको स्वीकृतको लागि प्रस्तुत गर्दछु ।

| क्र.स. | सदस्यको नाम | कारण | अवधि |
| --- | --- | --- | --- |
| १. | माननीय हरिराम चौधरी | विरामी भई उपचारार्थ उपत्यका बाहिर जानुपरेको। | २०७९/१०/२७ देखि २०८०/१/४ सम्म १२ बैठक । |

माननीय सदस्यहरू, अब उक्त सूचनालाई सभाको स्वीकृति जनाइदिनहुन अनुरोध गर्दछु ।

(माननीयज्यूहरूले टेबल ठोकेर सहमति जनाउनुभएको ।)

माननीय सदस्यहरू, माननीय सदस्य हरिराम चौधरीको अनुपस्थिति सम्बन्धी सूचना सभाबाट स्वीकृत भएको घोषणा गर्दछु ।

(माननीयज्यूहरूले टेबल ठोकेर सहमति जनाउनुभएको ।)

माननीय सदस्यहरू, राष्ट्रिय सभाको चालु तेह्रौं अधिवेशन अन्त्यको सन्दर्भमा राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने दलहरूको तर्फबाट आफ्नो मन्तव्य राख्नका लागि नाम प्राप्त भएको छ । अब म उहाँहरूलाई क्रमशः समय उपलब्ध गराउँछु ।

सर्वप्रथम, माननीय सदस्य गोपी बहादुर सार्की आछामी ।

**(१७:३७ बजे)** **माननीय श्री गोपी बहादुर सार्की आछामी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, आज हामी राष्ट्रिय सभाको यो तेह्रौं अधिवेशन अन्त्यको चरणमा छौं । यो विधेयक अधिवेशन आज अन्त्य हुँदै छ र अब आगामी दिनहरूमा

बजेट अधिवेशनको दिशातर्फ हाम्रो राष्ट्रिय सभा र दुवै सदन अगाडि बढ्ने छ भन्ने विश्वास मैले लिएको छु ।

र आजसम्म हामीले राष्ट्रिय सभाको उन्नाइसओटा बैठक सम्पन्न भइसकेको छ । यो उन्नाइसओटा बैठकको क्रममा राष्ट्रिय सभाले थुप्रै विधेयकहरू आफ्नोतर्फबाट जो सभामा आएका विधेयकहरू थिए, नेपाल सरकारको तर्फबाट आएका विधेयकहरू र आफ्नै सभाले पनि उत्पति गरेका विधेयकसहित सत्ताइसओटा विधेयक अहिले प्रमाणीकरण भई अगाडि बढिसकेको छ र केही विधेयकहरू राष्ट्रिय सभामा छन् । केही विधेयकहरू प्रतिनिधि सभामा गएर अगाडि बढ्न सकिराखेको छैन र विशेष गरेर चैं राष्ट्रिय सभाले आफ्नैतर्फबाट उत्पादन गरेको विधेयक, यो राष्ट्रिय मर्यादा क्रमसम्बन्धी विधेयक अहिले राष्ट्रिय सभामै छलफलको विषय बनीकन यहाँ बसिराखेको छ । त्यसलाई हामीले अगाडि बढाउनुपर्ने छ र विशेष गरेर चैं राष्ट्रिय सभा, यो सबै राजनीतिक पार्टीहरूको साझा सभाको रूपमा र सहमतिकै बिचबाट हामी राष्ट्रिय सभाका सबै कामहरू अगाडि बढाइराखेका छौं ।

विशेष गरीकिन यो सङ्घीयताप्रति नेपाली जनताको एउटा आक्रोशजस्तो चैं पैदा भइराखेको थियो । राष्ट्रिय सभामा हामी सबै राजनीतिक दलहरू मिलेर, प्रतिनिधित्व गर्ने सबै माननीयज्यूहरू मिलेर माननीय खिमलाल देवकोटाको नेतृत्वमा विशेष समिति बनाईकन, संसदीय समिति बनाईकन हामीले देशैभरिका सातैओटा प्रदेशमा, केही पालिकाहरूमा पनि राष्ट्रिय सभामा सम्माननीय अध्यक्षज्यूसहितको उपस्थितिमा छलफल, अन्तरक्रिया, सुझाव लिने र एउटा प्रतिवेदनसहित तयार गरेर चैं पेस गर्ने एउटा महत्त्वपूर्ण काम र सङ्घीयताप्रति एउटा जनतामा पैदा भ'को आशङ्का, अविश्वासलाई हामीले विश्वासमा बदल्ने एउटा असाध्यै महत्त्वपूर्ण काम पनि सम्पन्न गरेका छौं । त्यो प्रतिवेदन पेस गर्ने क्रममा सम्माननीय प्रधानमन्त्रीज्यू आफैले आफ्नै उपस्थितिमा समय दिनुभो' र सङ्घीयता कार्यान्वयनलाई प्रभावकारी बनाउने प्रतिबद्धता पनि नेपाल सरकारको तर्फबाट उहाँले व्यक्त गर्नुभ'को छ । यसको लागि म नेपाल सरकार र सम्माननीय प्रधानमन्त्रीज्यूलाई मेरो आफ्नोतर्फबाट र राष्ट्रिय सभाको तर्फबाट पनि हार्दिक धन्यवाद र आभार ज्ञापन गर्दछु ।

त्यसै गरी यो समाजमा भइराखेको जातीय उत्पीडन र विभेद जो एक्काइसौं शताब्दीमा पनि यो समाजमा मानवताको विरुद्धमा रहेको यो एउटा असाध्यै विभेदकारी जुन संस्कार छ, त्यसलाई अन्त्य गर्नुपर्दछ । र संविधानमा भएका संविधान प्रदत्त अधिकारहरू छ जो मौलिक अधिकारको रूपमा छ, त्यसलाई कार्यान्वयन गर्नुपर्छ भनेर हामीले यो दलित अधिकारसँग जोडिएको माननीय भुवन सुनारज्यूको चैं प्रस्तावमा अरू सबै माननीयज्यूहरूको एउटा साझा सङ्कल्पसहितको हामीले

जुन एउटा सङ्कल्प प्रस्ताव गर्यौं, त्यसमा छलफल भयो । त्यसमा चैं सम्माननीय प्रधानमन्त्रीज्यूले दलितहरूमाथि हुने विभेद र सबै खालका विभेदको अन्त्य गर्नको निम्ति र कानुनी रूपमा कानुनको दायरामा ल्याउनको निम्ति जसरी प्रतिबद्धता जाहेर गर्नुभो', त्यसको लागि पनि म हार्दिक आभार र धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

अहिले समाजमा चलिराखेको छ, लोकतन्त्रप्रति चैं एउटा अविश्वास पैदा गर्ने खालको । मैले चैं के भन्ने गरेको छु भने विस्तार विस्तार यस्तै गरी निराशाहरू बाँड्दै गर्ने हो भने अब प्रतिक्रान्तिको पूर्वाधार बन्दै छ । हामीले दश वर्षको सशस्त्र क्रान्ति, उन्नाइस दिनको जनआन्दोलन, सम्पूर्ण परिवर्तनकारी आन्दोलन र मधेस आन्दोलनसहित एउटा लामो सङ्घर्षको बिचबाट सङ्घीय गणतान्त्रिक लोकतन्त्रलाई स्थापित गर्यौं, संविधानतः सङ्घीय लोकतन्त्रिक व्यवस्थालाई संस्थागत गर्नको निम्ति हामीले एउटा सबै राजनीतिक पार्टीहरू मिलेर संविधान जारी गर्यौं, आज हामी त्यो संविधान कार्यन्वयनको तहमा चरणबद्ध, पहिलो चरणको आवधिक निर्वाचन सम्पन्न गरीकिन फेरि दोस्रो चरणको पनि आवधिक निर्वाचन सम्पन्न गरेर चाहे त्यो स्थानीय तहको होस्, सङ्घको, प्रदेशको सबै निर्वाचन सम्पन्न गरेर लोकतन्त्रलाई संस्थागत गर्ने संविधान कार्यन्वयनको लागि चैं एउटा वातावरण बनाउने दिशातर्फ देश अगाडि बढिराखेको छ भने अर्कोतिर फेरि यो परिवर्तनका विरोधी शक्तिहरू, सङ्घीयताका विरोधी शक्तिहरू र सबै नेपाली जनताको चैं समावेशी लोकतन्त्रको पक्षधर शक्तिहरूकोविरुद्ध विस्तार विस्तार यो प्रतिक्रान्तिको पूर्वाधार तयार गर्ने एउटा महत्त्वपूर्ण उद्देश्यका साथ, त्यो एउटा लक्ष्यका साथ नेपाली जनतालाई निराश बनाउने कोसिस भइराखेको छ । सबै बर्बाद भयो, सबै लोकतन्त्र आएर बर्बाद भयो, गणतन्त्र आएर बर्बाद भयो, सङ्घीयता आएर बर्बाद भयो र सबै खालको परिवर्तनले बर्बादीतिर देशलाई लग्यो भनेर एउटा निराशाको खेती एकातिर भइराखेको छ भने दोस्रो कुरा के भइराखेको छ भने अर्थतन्त्र कमजोर भयो । अब देश श्रीलङ्काको बाटोतर्फ जाँदै छ भन्ने खालको जुन एउटा भ्रम सिर्जना गर्ने र आज केही पनि भ'को छैन भन्ने सन्देश दिन जुन कोसिस गरिएको छ, यसमा हामी असाध्यै सजक हुनुपर्छ, सबै राजनीतिक पार्टी, सबै लोकतन्त्रवादी राजनीतिक शक्तिहरू । हामी जसरी राष्ट्रिय सभामा सहमति गरेर अगाडि बढिराखेका छौं, सहकार्य गरेर अगाडि बढिराखेका छौं र एउटा सकरात्मक सन्देश दिन कोसिस गरिराखेका छौं, त्यसै गरी नै अरू सबै राजनीतिक पार्टी र सबै शक्तिहरूले अब नयाँ ढङ्गले सोच्नु जरुरी छ र रूपान्तरणको पनि जरुरी छ ।

अनि अहिले जनतामा अर्को क्वोइसन पनि उठिराखेको छ । अब पार्टीहरू, पुराना पार्टीहरू विशेष गरेर काँग्रेस, एमाले, माओवादी अब यसको विकल्प खोज्नुपर्छ, अब यिनीहरूबाट

केही पनि हुँदैन भन्नेजस्तो भ्रम पनि सिर्जना गर्न कोसिस गरिएको छ । म के निवेदन गर्न चाहन्छु भने हामीले केही गल्ती गरेका छौं होला । जनअपेक्षा, संविधानको भावना र परिवर्तनको चैं जुन स्पिड छ त्यो स्पिडअनुसार काम नभ'को हुन सक्छ । तर रातारात कसैले पनि सबै समस्याको समाधान गर्न सक्छ जस्तो मलाई लाग्दैन । त्यो क्रमशः हुने कुरा हो । हुँदै जान्छ, हुँदै पनि गइराखेको छ ।

अहिले चुनावपछि चुनावको रिजल्टलाई हेर्ने हो भने यो दुःखद छ । यो लोकतन्त्रमाथिको चुनौती पनि हो । कुनै पनि राजनीतिक पार्टीको सरकार चलाउने बहुमत नआउनु भनेको यो लोकतन्त्र संविधानको कार्यान्वयन र लोकतन्त्रलाई संस्थागत गर्ने मूल्यबाट हेर्ने हो भनेदेखि यो एउटा असाध्यै चुनौतीपूर्ण स्थिति पनि हो । यो स्थितिको बिचमा पनि जसरी हामी लोतन्त्रको रक्षाको लागि, संविधानको रक्षाको लागि र यो परिवर्तनलाई संस्थागत गर्नको लागि, सुशासन कायम गर्नको लागि भनेर लोकतान्त्रिक शक्तिहरूको र बाम शक्ति र लोकतान्त्रिक शक्तिहरूको चैं संयुक्त मोर्चा बनेर जसरी अहिले अगाडि बढिराखेका छौं हामी, अब हामीले नयाँ ढङ्गले काम गर्ने जुन खालको स्पिड नेपाल सरकारको तर्फबाट जसको नेतृत्व चैं प्रधानमन्त्री कमरेड प्रचण्डले गरिराखुभ'को छ । मलाई के लाग्छ भने अहिले उहाँले जति पनि गर्न कोसिस गर्नुभ'को छ, अर्थतन्त्रलाई एउटा लयमा ल्याउने हिसाबले अहिले विगतमा पाठ्यपुस्तक चैं गाउँमा पुगेन, स्कुलमा पुगेन भनेर विद्यार्थीहरू, अभिभावकहरू र शिक्षकहरू सबै एउटा खालको चैं आक्रोशित भ'को स्थिति थियो भने आज क्रमशः त्यो समस्या हल हुँदै गा'को छ ।

वैदेशिक सम्बन्ध पनि विस्तार सुदृढ हुँदै ग'को छ । चिनियाँ नाका खुलेको छ, भारतसँगको चैं भ्रमणको तयारी भइराखेको छ । वैदेशिक सम्बन्ध सुदृढ गर्नको लागि नै हो । त्यसै गरी अरू थुप्रै साना, ठुला कामहरू भइराखेका छन् । कोभिडको कारणले गर्दाखेरि, भूकम्पको कारणले गर्दाखेरि, युक्रने र रसियाको चैं युद्धको कारणले गर्दाखेरि नेपालको मात्रै होइन विश्वकै अर्थतन्त्र कमजोर हुने दिशातर्फ अगाडि बढिराखेको बेलामा आशातीत ढङ्गले एउटा सन्देश दिने, विस्तार विस्तार चैं एउटा विश्वास पैदा गर्ने, आशा पैदा गर्ने, भरोसा पैदा गर्ने खालको काम नेपाल सरकारको तर्फबाट अगाडि बढिराखेकै पनि छ, एउटा राम्रो कुरा हो ।

अर्को कुराः हामीले यो शान्ति प्रक्रिया टुङ्ग्याउन जरुरी छ । यो दश वर्षको सशस्त्र क्रान्ति र परिवर्तनकारी आन्दोलन, यसका धेरै ठुला उपलब्धिहरू हुन् । दुई सय चालिस वर्ष पुरानो सामन्ती केन्द्रीकृत र एकीकृत राजतन्त्र हामीले अन्त्य गर्यौं । सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापित गरेका छौं । अब हामीले यो शान्ति प्रक्रियालाई नटुङ्ग्याउने हो भने देश फेरि

अनन्तः द्वन्द्वतिर जाने जो खतरा छ, सरकारले यसतर्फ पनि ध्यान दिएकै छ भन्ने मलाई लाग्दछ ।

र अब यो बजेट अधिवेशनतिर देश मतलब सरकार अगाडि बढिराखेको कारणले गर्दाखेरि मूलतः पूर्वाधार विकासको क्षेत्रमा विशेष ध्यान दिने, त्यसपछि उत्पादकत्व बढाउने कुरालाई ध्यान दिने र रोजगारी अभिवृद्धि गर्ने, रोजगारी सिर्जना गर्ने कुरालाई ध्यान दिने हिसाबले बजेट बनोस् भन्ने लाग्छ । र म राष्ट्रिय सभा र यो संसदको हिसाबले चैं अहिले बजेट बन्दै गर्दाखेरि यो संसदले प्रस्ताव गरेको सिलिङअनुसार नै नेपाल सरकार र अर्थ मन्त्रालयले चैं बजेट व्यवस्था गर्नु जरुरी छ ताकि यो संसदका हरेक गतिविधिहरूः बैठकहरू, अरू गोष्ठीहरू हुन्छन्, अरू प्रोग्रामहरू हुन्छन्, त्यसलाई चैं असहज नहुने खालको वातावरण बन्ने बजेट पनि बन्दाखेरि त्यस कुरामा पनि ध्यान दियोस् नेपाल सरकारले भन्ने मेरो आग्रह, अनुरोधसहित यो अधिवेशनमा हामीले जसरी अहिलेसम्म मिलेर राष्ट्रिय सभामा सहमतिकै बिचबाट चैं काम, कारबाही र गतिविधिलाई अगाडि बढा'का छौं । त्यसलाई निरन्तरता दिने कुरामा म मेरो आफ्नो पार्टीको तर्फबाट प्रतिबद्धतासहित म मेरो आफ्नो भनाइ अन्त्य गर्न चाहन्छु । हवस् त, अभिवादन, नमस्ते ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्य भैरव सुन्दर श्रेष्ठ ।

(१७:५१ बजे) <u>**माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**</u>:- सम्माननीय अध्यक्षज्यू, यो तेह्रौं अधिवेशन समापनको सन्दर्भमा केही कुराहरू हाम्रो दलको तर्फबाट राख्न चाहन्छु । यो हिउँदे अधिवेशन भनेको सामान्यतयाः हामी विधेयक अधिवेशनको नामबाट हामी यो अधिवेशनलाई चिन्ने गर्छौं तर अब यो विधेयक अधिवेशन भने पनि यो तेह्रौं अधिवेशनले जम्मा १९ ओटा बैठकहरू सम्पन्न चाहिँ भएँ । ती बैठकमा दुई तीनटा बैठकहरू औपचारिकताको लागि मात्रै बैठक भए पनि जसरी यहाँ विधेयकहरू यहाँ प्रस्तुत गर्नुपर्थ्यो । यो हाउसले विजनेस पाउनुपर्थ्यो ती विधेयकहरू आउन सकेनन् । यसले गर्दा महत्त्वपूर्ण समयहरू हामी गुजारिरहेका चाहिँ छौं । भन्न त हामी सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थामा आएका नै छौं । यो उन्नतउक्तको व्यवस्थामा हामी चाहिँ छौं तर पनि यसले जुन डेलीभरी दिने कुराहरू थिएँ । यसले कानुन चाहिँ बनाएर देशलाई समृद्धको दिशातर्फ लैजानुपर्ने कुराहरू चाहिँ थिएँ ।

तर पनि यो अधिवेशनसम्म आइपुग्दा पेस भएका विधेयकहरू पनि फिर्ता लिने सरकारले कार्यसूचीमा राख्ने फेरि ती विधेयकहरूलाई फिर्ता चाहिँ लिने २०७६ सालमा निर्णय भइसकेको

एउटा विधेयक हिजोको कार्यसूचीमा बसेको चाहिँ बसेको थियो । अध्यागमनसम्बन्धी विधेयक, अत्यन्तै महत्त्वपूर्ण विधेयक हिजोको त्यो बैठकमा माननीय मन्त्रीज्यूको अनुपस्थितिको कारणले बैठक बस्न चाहिँ सकेन । त्यो प्रस्ताव गरिएको विधेयक पनि अब के भो' जसरी अहिले एउटा विधेयक पेस गरिएको त थियो । त्यो विधेयक फेरि पनि सरकारले नै फिर्ता चाहिँ लियो । त यसरी हामी के देख्छौं भन्दा सरकार कतातिर उन्मुख चाहिँ छ?

वर्तमान प्रधानमन्त्रीले आफू यो मङ्सिरको ४ गते निर्वाचनपछि जब गठबन्धन जसले बहुमत ल्याउन सकेन । सरकार दिन चाहिँ सकेन । लामो, करिब एक डेढ महिनाको रस्साकस्सीपछि नेकपा एमालेसहितको सात दलीय गठबन्धनको सरकार बन्ने अवस्था चाहिँ आएसकेपछि फागुन १० गते सम्माननीय राष्ट्रपतिज्यूले समयावधि निर्धारण गर्नुभएको चाहिँ थियो । र त्यसपछि बनेको सरकार, उहाँले के भन्नुभा'थ्यो भने यही रोष्ट्रमबाट उभिएर मेरो पहिलो कार्यकाल अर्थात् म पहिलो पटक प्रधानमन्त्री हुँदा केही अनुभवको कमीले गर्दाखेरि मेरो त्यो कार्यकाल त्यसै चाहिँ बित्यो । दोस्रो कार्यकाल भनेको मेरो उत्तरचढावमै बित्यो । तेस्रो कायकाल भनेको मेरो स्थायित्व विकास र समृद्धिका निम्ति म समन्वय गर्ने छु, सहकार्य गर्ने छु भनेर प्रष्ट भन्दा अब केही हुन्छ कि भन्ने खालको मैले पनि आफै उभिएर सबै माननीयज्यूहरूलाई देशवासीहरूलाई अब विगतभन्दा अब केही हुन्छ हैं । यो सरकारले केही दिन सक्छ भन्ने कुराहरू थियो । र त्यसपछि न्यूनतम साझा कार्यक्रम प्रस्ताव भइसकेपछि ती धेरै आशातीत गरेका कुराहरू चाहिँ आ'का थिएँ । ती पनि देख्न पाइएन ।

निजामती सेवा ऐन नआइदिएर आज कर्मचारीहरूलाई त्यो ऐनको अभाले यति धेरै कार्यसम्पादन गर्न असजिलो भ'को चाहिँ छ । प्रदेशमा, स्थानीय तहमा काम गर्ने कर्मचारी नभइदिएर बजेको ठुलो हिस्सा अस्ति कर्णाली प्रदेशमा हामी चाहिँ ग'को बेला अनुगमनको सिलसिलामा ग'को बेला कर्णाली प्रदेशको मुख्यमन्त्रीज्यूले १९ परसेन्ट मात्रै बजेट खर्च भा'को कुराहरू पूँजीगततर्फ १९ पर्सेन्ट मात्रै खर्च भा'को छ भन्ने कुरा गरिरहँदा उहाँले के भन्नुभा'को थियो भने यो विधेयकहरू कहाँ निर्माण हुन्छन्? यी विधेयकहरू किन चाहिँ समयमा आउँदैनन्? मेरो यो प्रदेशमा ११ सय कर्मचारीहरूको अभाव चाहिँ छ । जसले गर्दा मैले डेलिभर दिन सकिरहेको छैन । हामी एउटा घुमाउरो चाहिँ उसमा चाहिँ घुमिरहेका छौं भनेर राख्नुभा'को थियो । त्यो कुरामा चाहिँ हामी पनि सहमत थियौं । वास्तवमा प्रधानमन्त्रीज्यूले भन्नुभा'को थियो । कि निजामती सेवा ऐन म यही अधिवेशनमा म ल्याउछु भन्नुभा'को थियो । त्यो अधिवेशन आज समापनको बेलासम्म आइपुग्दा पेस गरेका विधेयकहरू पनि फिर्ता चाहिँ भा'का छन् । त्यसैले यो सरकार कतातिर उन्मुख चाहिँ छ? चिन्ता लागिरहेको छ ।

विश्वविद्यालय छाता ऐन ल्याउँछु भन्नुभा'को थियो । नेपालमा धेरै विश्वविद्यालयहरू भए । ती विश्वविद्यालयहरूलाई नियमन, अनुगमन गर्नका निम्ति विश्वविद्यालय छाता ऐन ल्याउछु भन्नुभ'को चाहिँ थियो । त्यो ऐन आज कहाँ चाहिँ गयो? नागरिकता विधेयकका विषयमा म ल्याउछु यही अधिवेशनमा ल्याउँछु भन्नुभा'को चाहिँ थियो । शिक्षा ऐन ल्याउँछु भन्ने कुरा यस्तालगायतका थुप्रै विकाससँग जोडेका केही विधेयकहरू, सार्वजनिक खरिद ऐनलाई पनि यही विधेयकमा संशोधनसहित ल्याइनेछ भनेर भन्नुभएको थियो । तर ती सबै विधेयकहरू आज कहाँ गए? उहाँ कतातिर उन्मुख हुनुभा'को छ भन्ने कुरा हामीलाई चिन्ताको विषय चाहिँ भा'को चाहिँ छ ।

वास्तवमा हामीले सङ्घीय लोकतान्त्रिक गणतन्त्र भनेका चाहिँ छौँ । योभन्दा राम्रो व्यवस्था देशमा अर्को व्यवस्था हुनै सक्दैन । यो कुरो पनि यथार्थ नै हो । तर हाम्रो मूल नेतृत्व आज कहाँ गएको छ भन्ने विषयमा मैले केही कुराहरू राख्न चाहिँ चाहन्छु । जतिखेर २०७४ सालमा सरकार चुनाव प्रतिस्पर्धा भएर सरकारमा हामी आ'का चाहिँ थियौँ । कोही प्रतिपक्ष, कोही सत्ता पक्ष भएका थियौँ । देशले एउटा लय पक्डिएका थियो । यो अधिवेशनको यो समापनको सन्दर्भमा उभिएर भन्नुपर्दा केपी ओली नेतृत्वको सरकारले गरेका काम र शेरबहादुर देउवा नेतृत्वको सरकारले गरेका काम र प्रचण्ड नेतृत्वको सरकारले गरेका कामका विषयमा चाहिँ तुलनात्मक ढङ्गले हामी छलफल चाहिँ गरौँ । साँच्चै केपी ओलीका पालामा सबै बिग्रिएको थियो त? हामीले यही मञ्चबाट यही ..... सबै मानीयज्यूहरूले नेपालको अर्थव्यवस्था कमजोर चाहिँ भयो ।

अब नेपाल चाहिँ कतातिर उन्मुख हुन्छ सायद श्रीलङ्कातिर जान्छ कि के हो भनेर हामी सबैले स्वीकारेको विषय हो । यो चाहिँ प्रस्ताव जो मेरो हातमा छ । यो प्रस्तव भनेको यसमा लेखेका कुराहरू हामी सबैले आत्मसात् गरेर के कारणले चाहिँ नेपालको अर्थतन्त्र व्यवस्था कमजोर भा'को छ, आज हामी कतातिर उन्मुख हौँ । यसलाई सुधार्नको निम्ति के गर्नुपर्छ भनेर हामीले सुझावसहित सार्वजनिक महत्त्वको प्रस्तावको छलफल चाहिँ गरेर मन्त्रीज्यूले जवाफ दिने क्रममा केही पनि भा'को छैन भनेर अगि बोल्ने क्रममा विशेष समयमा बोल्ने क्रममा माननीय मन्त्रीज्यूले, माननीयज्यूले पनि ढाँट्नुभ'को चाहिँ छ । त १४ गते १३ गते यहाँ त्यसरी चाहिँ बोल्नुभो' । र १४ गते मन्त्रालयमा गइसकेपछि समानीकरण अनुदान जो प्रदेश र स्थानीय तहमा चाहिँ गएको छ । त्यसको फिफ्टी पर्सेन्ट रकम चाहिँ खर्च नगर्नु भन्ने खालको परिपत्र चाहिँ जारी हुनु । मन्त्रालयमा सबै विषयगत मन्त्रालयहरूमा त्यसरी नै २० पर्सेन्ट चाहे जुनसुकै आयोजना किन नहुन । ती सबै आयोजनाहरूमा २० प्रतिशत अनुदान चाहिँ खर्च नगर्नु भन्ने

खालको परिपत्र चाहिँ जारी गर्नु । यो कुराले के देखाउँछ कि राष्ट्रिय धुकुटी भरिएको छ कि? राष्ट्रिय धुकुटी कमजोर चाहिँ छ? यो त सबैले बुझेका कुरा हो र तर पनि मन्त्रीज्यूहरू उभिएर भन्ने गर्नुहुन्छ । कि देशको अर्थ व्यवस्था लयमा आ'को चाहिँ छ । बनिरहेको चाहिँ छ । राजस्व जो आकलन गरिएको थ्यो । त्यो राजस्व १४ खरबमध्ये अहिलेसम्म ७ खरबमात्र उठेको छ । ७ खरब उठ्ने हो वा होइन? त्यसको सुनिश्चितता छैन । अबको ढाई महिनामा दुई खरब वा ढाई खरब उठ्ला । अथवा राजस्व दश खरबभन्दा माथि जाने सम्भावना छैन । गए राम्रो ।

त्यसै गरी वैदेशिक अनुदानतर्फ हामीले आशा गरेको ५५ अरब रुपैयाँ र वैदेशिक ऋणतर्फ आशा गरेको दुई खर्ब ४५ अर्ब रुपैयाँ ती आउने सम्भावनाहरू थोरै मात्रामा मात्र आ'को चाहिँ छ । योतर्फ चाहिँ अहिलेको सरकारले विशेष रूपमा ध्यान दिएको छ वा छैन? दिगो विकासका लक्ष्य पूरा गर्नको निम्ति अन्तर्राष्ट्रिय यूएनमा गएर हाम्रो देशको सरकारले हस्तक्षेप गरेर आ'को चाहिँ छ । किन सन् २०३० सम्म यो देशलाई एउटा मध्यम स्तरको राष्ट्रको रूपमा लिने छौं भन्ने खालको प्रतिबद्धता व्यक्त गरेर आइसकेपछि १ नम्बरदेखि १७ नम्बरसम्मका उल्लेख भएका कुराहरू सुन्दाखेरि त्यसतर्फको हाम्रो देशको सरकारले एउटा मात्रै बुँदा, एउटा मात्रै बुँदा हामीसँग अलि समुन्द्र सतह नजोडिएको कारणले गर्दा त्यो बुँदा हामीसँग मेल खाँदैन र बाँकी सबै १६ ओटा बुँदाहरूमध्ये १ नम्बर, २ नम्बर, ३ नम्बर, १० नम्बर बुँदाहरू नेपालको दैनिक जनजीवनसँग मिल्ने खालका त्योसँग बजेट विनियोजन गर्दा आज ती कुराहरूलाई अन्तर्राष्ट्रिय क्षेत्रमा जसरी प्रतिबद्धता व्यक्त गरिएको थियो । त्यसअनुरूप हाम्रो देशको सरकार नचलेको कारणले वैदेशिक अनुदान र वैदेशिक ऋण नआएको हो कि? यी यावत् कुराहरू छन् ।

यसले गर्दा हाम्रो देशको सरकार वास्तवमा भन्ने एउटा गर्ने एउटा खालको ढङ्गले ग'को कारणले गर्दा आज हामी यो अवस्थामा पुगिरहेका छौं । हामीले सामान्य ढङ्गले सरकार फेर बदल हुन्छन् । त्यसमा हामी कुनै पनि केही पनि आपत्ति हामी मान्दैनौं । तर गलत ढङ्गले गलत बाटोबाट गलत बाटोको अवलम्बन गरेर जसरी सरकारलाई ढाल्ने प्रयत्न गरियो, ढालियो । त्यसैको परिणतले बनेको सरकारले ल्याएका आजका यी सबै कार्यक्रमहरू अस्तव्यवस्त अवस्थामा छन भन्ने कुरो । यो सार्वजनिक महत्त्वको प्रस्तावले प्रष्ट छर्लङ्ग चाहिँ पारिरहेको चाहिँ छ । म योभन्दा बढी नभनुँ ।

मैले अर्को कुरा राख्न चाहन्छु, अर्को कुरा राख्न चाहिँ चाहन्छु । यो विधेयक अधिवेशनमा दुइटा मात्र विधेयकहरू, एउटा गैरसरकारी विधेयक र एउटा सरकारी विधेयकहरू ..... भा'का

चाहिँ थिए । ती विधेयकहरू पनि अब समितिमा ग'का छन् । अब त्यो समितिमा गइसकेपछि एउटा नेपाल विश्वविद्यालयसँग सम्बन्धित विधेयक, २०७९ । त्यस्तै अर्को राष्ट्रिय मर्यादासम्बन्धी विधेयक जो हाउसमा चाहिँ छलफल भएर हाम्रो समितिमा गा'को चाहिँ छ । समितिले निश्चित समयपछि लेर आउला ।

र सम्माननीय अध्यक्षज्यू, एउटा मैले भन्नै पर्ने कुराहरू हाम्रो पार्टीको अध्यक्ष एउटा आफ्नो पार्टीको कार्यक्रमको सिलसिलामा झापा जाने क्रममा भद्रपुरमा उत्रिसकेपछि त्यो बुद्ध शान्ति गाउँपालिकामा पार्टीका कार्यकर्ताहरूसँग भेट गर्ने सिलसिलामा उहाँ पुगरसकेपछि बिचमा जुन अवरोधको सृजना गरियो । वास्तवमा त्यो अवरोधमा संलग्न व्यक्तिहरू को छन् भन्दा सत्तामा रहेका प्रधानमन्त्रीका पार्टीका कार्यकर्ताहरू, सत्तामा रहेका एकीकृत समाजवादी पार्टीका कार्यकर्ताहरू आज त्यो खालको हर्कत एउटा पार्टीको पूर्वप्रधानमन्त्री भइसेकेको व्यक्ति एउटा पार्टीको अध्यक्ष कार्यक्रममा जाँदाखेरि त्यो खालको पहिचानको नाममा त्यो खालको हर्कत गर्न हुन्थ्यो वा हुँदैन थ्यो? यदि सुरक्षाकर्मी त्यहाँ नभइदिएको भए । टिकापुरको घटना जसरी घटेको थियो । त्यही खालको घटनालाई सम्झना हुने गरी त्यहाँको इनिस्पेक्टरलाई जो सुरक्षामा घटिनुभा'को थियो । उहाँको टाउकोमा चोट लागेर १७ ठाउँमा टाका लागेको चाहिँ छ । उहाँको आँखाको अवस्था अत्यन्तै गम्भीर चाहिँ छ । त्यसै गरी उहाँसँग हिँड्नुभएको हवलदार उहाँको चाहिँ यो बङ्गराको हड्डीमा चाहिँ चोट लागेर गम्भीर घाइते हुनुभएको छ । त्यो खालको हर्कत चाहिँ साथीहरूले पहिचानको नाममा गर्नु चाहिँ भयो । वास्तवमा पहिचान भन्ने कुरो हाम्रो देशको मूल संविधानमा प्रस्तावनामा उल्लेख भएको छ । हाम्रो पहिचान भनेको जातीय पहिचान पनि हो । हाम्रो पहिचान भनेको, धार्मिक पहिचान पनि हो । हाम्रो पहिचान भनेको सांस्कृतिक पहिचान पनि हो । त्यसै कारणले बहुजाति, बहुधार्मिक, बहुसांस्कृतिक, बहुभाषिक र भौगोलिक विगटता, भौगोलिक विविधताले युक्त भ'को नेपालको यो विशेषता हो भन्ने कुरो हाम्रो संविधानको मूल प्रस्तवनामा उल्लेख भ'को चाहिँ छ ।

हामीले विगतमा निकै अभ्यास गरेको विषय अभ्यास हामीले गऱ्यौं । साँच्चै यो देशलाई जातीय रूपमा लिएको भए बहुजातीय एकातिर भन्ने निश्चित जातिहरूको नाममा जातीय राज्य खडा गर्दिएको भए आज हाम्रो देशको अवस्था के हुन्थ्यो होला? यसले गर्दाखेरि जातलाई हामी सम्मान चाहिँ गरौं । पहिचाको नाममा जातलाई अगि सारेर आज यो देशलाई कहाँ लैजान खोजिएको चाहिँ छ? अन्तर्राष्ट्रिय रूपमा हामीले हेयौं भन्नेपछि रुवान्डाको इतिहास धेरै टाढा चाहिँ जानुपर्दैन । सुडानको इतिहासलाई धेरै टाढा जानुपर्दैन । आज ती देशहरू गृह युद्ध जातीय गृह

युद्धमा फसेर उम्किनै नसक्ने गरी लाखौं लाख मान्छे एकातिर मरेका छन् । अर्को उम्किनै नसक्ने गरी त्यो द्वन्द्वमा फसेका छन् । त्यसबाट हामीले पाठ सिक्ने कि नसिक्ने?

फेरि कोशी प्रदेश राख्ने सवालमा त्यहाँको त सार्वभौम सदन चाहिँ छ । संविधानमा लेखिएको चाहिँ छ । संविधानको धारा २८८ को (२) नम्बरमा राजधानी तोक्ने सवालमा प्रदेशले आफ्नो देशको आफ्नो प्रदेशको राजधानी कहाँ तोक्ने भन्ने विषयमा त्यहाँ प्रष्ट व्यवस्था चाहिँ भा'को छ । यदि प्रदेशको राजधानी तोक्ने सवालमा विवाद चाहिँ भयो भने सङ्घले तोक्दिन्छ । सङ्घले तोकेको ठाउँमा प्रदेशको राजधानी सञ्चलान गर्नुपर्छ । यदि सङ्घले नतोकेसम्म प्रदेशले तोक्न सफल चाहिँ हुन्छ । दुइतिहाई बहुमतको आधारमा तोक्छ भने प्रदेशको राजधानी तोकिन्छ । त्यसै गरी धारा २९५ को (२) मा उल्लेख भ'को छ । नामाकरणको सवालमा के राख्ने भन्ने विषयमा त्यहाँ पनि सार्वभौम सदन छ । सार्वभौम सदनमा नेकपा एमाले, नेपाली काँग्रेस, नेकपा माओवादी, राष्ट्रिय प्रजातन्त्र पार्टीसहितको चाहिँ साझा छलफल र बहस, सहमतिका साथ करिब ९३ सङ्ख्या चाहिँ रहेको त्यो सदनमध्ये ८७ जना चाहिँ उपस्थित भ'का चाहिँ माननीय सांसद उपस्थित हुनुभ'को चाहिँ छ । विराट सम्यतालाई जोगाउनको निम्ति यसमा हाम्रो पार्टीको कुनै पनि ..... लगाउने कुनै पनि चाहना थिएन् । त्यहाँको सार्वभौम सदनले करिब ८२ जना माननीय सांसदहरूको समर्थनमा कोशी प्रदेश, त्यो प्रदेशको नाम कोशी चाहिँ राख्यो । त्यसमा पनि असहमति राख्न सकिन्छ । एकीकृत समाजवादीको ४ जना माननीयज्यूहरूले असहमति चाहिँ राख्नुभो'। करिब ९१ परसेन्ट मतको आधारले त्यो चाहिँ कोशी प्रदेश राख्न चाहिँ सफल भो' त्यो प्रदेश । हामीले धन्यवाद पनि दियौं । तर त्यसरी राखिसकेपछि त्यसमा असहमति आउनु स्वाभाविक कुरा हो । लोकतन्त्रमा असहमति आउन सक्छ । त्यसको नाम फेर्ने सवालमा यदि हो भने दुइतिहाई बहुमत लेर आउनुपर्यो । नाम जतिखेर पनि फेर्न सकिन्छ । तर काम त्यहाँको सदनले गर्ने सार्वभौम सदनको अपमान हुने गरी जातीय पहिचानको नाममा उदण्ड मचाउने । त्यो खालको हर्कत चाहिँ गर्ने । यसले हामीलाई कहाँ पुऱ्याउँछ? त्यसैले त्यो हर्कतमा लाग्ने । त्यो निन्दनीय घटना चाहिँ थियो । त्यो अराजक खालको घटना चाहिँ थियो । त्यो घटनाले हामीलाई पाठ सिकाउनु चाहिँ पर्छ । पाठ सिक्नु चाहिँ पर्छ । फेरि पनि सहमति र सहकार्यका साथ चाहिँ जाने हो भने नेकपा एमालेको अध्यक्षसँग चाहिँ कुनै सरोकार राख्दैन थियो । हाम्रो पार्टीको अध्यक्ष, त्यो झापा जिल्लाको हुनुहोला त्यो अलग कुरा थियो । तर आफ्नो पार्टीको कार्यक्रममा जाँदाखेरि उहाँसँग चाहिँ माग राख्न सक्ने कुराहरू, उहाँसँग यी कुराहरू राख्ने कुराहरू अगल कुराहरू हुन् । तर उहाँ गइरहेको गाडीमाथि हमला गर्ने कुराहरू त्यसले हामीलाई कहाँ चाहिँ लिन्छ?

सहमति हुन्छ कि हुँदैन? सहकार्य हुन्छ कि हुँदैन? हामी कुनतर्फ उन्मुख भा'का चाहिँ छौं । यसले गर्दाखेरि म त विशेष गरी भन्न चाहन्छु । प्रधानमन्त्रीको पार्टी जुन पार्टीको नेतृत्व प्रधानमन्त्रीले गर्नुभा'को चाहिँ छ । नेकपा माओवादीका साथीहरू त्यहाँ तल देखिनुभ'को चाहिँ छ । एकीकृत समाजवादी पार्टीका मान्छेहरू त्यहाँ देखिनुभ'को छ । के हामी सामाजिक सद्भाव खलबलाउन चाहन्छौं हामी? यसरी हामी जातीय रूपमा आफ्नो पहिचानलाई कायम चाहिँ गर्दै जातीय सहिष्णु ढङ्गले हामी बसेका धार्मिक सहिष्णुता हामी त्यो सबै कुरा खलबलाउन चाहनुहुन्छ उहाँहरू? यही चाहेको उहाँहरूले? यसले गर्दाखेरि ठन्डा दिमाखले सोंचौं ।

त्यो कसैको लहडमा पार्टीको केन्द्रीय कमिटीको निर्णय गरेर ..... गरेर भ'को कुरा होइन । सार्वभौम जनताले चुनेका प्रतिनिधिहरूले सार्वभौम सदनमा उभिएर आफ्नो मत जाएर गरेर, त्यो प्रदेशको नाम चाहिँ कोशी राखुभ'को चाहिँ छ । यसले गर्दाखेरि त्यसको पक्षमा जुन खालको चाहिँ घटना हुन पुग्यो वास्तवमा त्यो निन्दनीय थियो । म नेपाल सरकारका प्रधानमन्त्रीज्यूलाई भन्न चाहन्छु । गृहमन्त्रीज्यूको ध्यानाकर्षण गर्न चाहन्छु । त्यो घटनामा संलग्न भएकाहरू जो दोषी छन् । तिनलाई कारबाहीको दायरामा ल्याइयोस् । त्यसको निम्ति उच्चस्तरीय छानबिन समिति बनाउनुपर्छ भने पनि छानबिन आयोग बनोस् म यो कुरा माग गर्नको निम्ति अध्यक्षज्यूमार्फत म सरकारको ध्यानाकर्षण गराउन चाहन्छु ।

अर्को कुरा हामी उत्पादनलाई बृद्धि गर्ने भन्छौं । हामी आफ्नो देशको उत्पादनलाई बृद्धि गर्ने, दोब्बर बृद्धि चाहिँ गर्ने, आयातलाई प्रतिस्थापन गर्ने भन्ने खालको कुराहरू विगतमा पनि सुनेका चाहिँ हुन् । अहिले पनि हामी त्यही कुरा सुन्दै चाहिँ छौं । तर हाम्रो देशको कृषि मन्त्रालयले भारतबाट आउने कृषि उपजहरूलाई चेक गर्ने, त्यो विषादी चेक गर्नका निम्ति एउटा प्रस्ताव चाहिँ लिएको थियो । मन्त्रिपरिषद्मा । त्यो मन्त्रिपरिषद्मा प्रस्ताव लिएको प्रस्तावलाई पास गरेर यहाँका किसानलाई यहाँका स्वास्थ्य, जनताको स्वास्थ्यलाई ख्याल गर्नुपर्ने ठाउँमा, धन्यवाद दिनुपर्ने ठाउँमा त्यो प्रस्तावलाई निर्णयार्थ लिएको प्रस्तावलाई प्रधानमन्त्रीको विशेष ठाडो आदेशमा त्यो प्रस्ताव फिर्ता गरियो । त, यसले के देखाउँछ? हाम्रो प्रधानमन्त्रीज्यू साँच्चै यहाँको कृषि, यहाँको कृषकहरूप्रति प्रतिबद्ध हुनुहुन्छ? कृषि प्रणालीमा उपज जो उत्पादन भएका छन्, ती उत्पादन भएका उपजहरूलाई बाहिरबाट विषादीयुक्त चाहिँ भ'को छ भन्ने कुरा समाचारमा आ'को चाहिँ छ । ती कुराहरूलाई मनन् गर्नुहुन्छ कि हुँदैन? अनि यहाँका चाहिँ उत्पादनका बस्तुहरूलाई त्यो विषादीयुक्तसँग प्रतिस्पर्धा गर्नुपर्ने हुन्छ कि हुँदैन? त्यस्तो विषादीयुक्त खानाले हाम्रो देशको नागरिकको स्वास्थ्यमाथि खेलबाड हुन्छ कि हुदैंन? आज हरेकखालको रोगहरूले तपाईं हामी सबैलाई देशभरिका सबै जनतालाई आक्रान्त बनाएको चाहिँ छ । ती विषादीयुक्त

खानाहरू खाने कि नखाने भन्ने कुरो । कसैले पनि चाहेर पनि खान सक्दैन । त्यो कुराको परीक्षण गरौं भन्ने कुरो प्रस्ताव लेर जाँदाखेरि हाम्रै प्रधानमन्त्रीको ठाडो आदेशले त्यो प्रस्ताव निलम्बन चाहिँ हुन्छ । अर्थात प्रस्ताव रोकिन्छ । यसले के भन्न लाग्छ भने हाम्रो प्रधानमन्त्रीको उत्तरदायित्व कोसँग चाहिँ हो त? देशको जनतासँग हो कि? यो देशको सार्वभौम जनतासँग हो कि? ..... देशप्रति हो कि? या अरू कसैद्वारा निर्देशित भएर जसले यो देशको सार्वभौम सदनलाई, सार्वभौम अधिकारलाई नियन्त्रित ढङ्गले राख्न खोजेको छ काहीं उहाँहरूकै इसाराबाट चल्नुभ'को छैन? म प्रश्न गर्न चाहिँ चाहन्छु ।

त्यसै गरी अर्को मैले भन्नै पर्ने कुराहरू देशको अर्थव्यवस्था अत्यन्तै डामाडोल छ । त्यो डामाडोल भएको अवस्थामा सङ्क्रमणकालीन न्यायसम्बन्धी एउटा विधेयक सदनमा दर्ता भ'को चाहिँ छ । त्यो विधेयक आइसकेपछि द्वन्द्वबाट पीडित भएका ती चाहे लडाकु हुन, द्वन्द्वबाट प्रभावित भएका अरू चाहिँ पीडित परिवार हुन् । ती सबैलाई सम्बोधन गर्नका निम्ति यसपछि चाहिँ गर्न सकिन्छ । देशको आर्थिक अवस्था कमजोर भएको बेला । हामी जनही द्वन्द्वमा पीडितको नाममा लडाकुको व्यवस्थापन गर्ने नाममा एकोहोरो ढङ्गले प्रतिव्यक्ति २ लाख चाहिँ दिएर । करिब १ अरब रुपैयाँ, ८० करोडदेखि १ अरब कतिसम्म जाने हो? बजेट छुट्याइएको छ । कार्यविधि बनेको चाहिँ छ । त्यसरी जाँदाखेरि हामी कतातिर उन्मुख चाहिँ हुन्छौं? यसतर्फ पनि वर्तमान प्रधानमन्त्रीज्यू, वर्तमान अर्थ मन्त्रीज्यू अलिकति विशेष ढङ्गले सोच्नुस् ।

हामीसँग पैसा चाहिँ छैन् । एकातिर हामी गरेका छौं । तल गएका आयोजनाहरूलाई हामी कटौती गरिहरेका छौं । ती द्वन्द्वबाट दुई लाखबाट तीन लाख दिए पनि यदि आर्थिक अवस्था सुदृढ चाहिँ हुन्छ भने, बलियो हुन्छ भने दुई लाख होइन तीन लाख दिए पनि हुन्छ । द्वन्द्व प्रभावित परिवारलाई जो पीडित चाहिँ हुनुहुन्छ । उहाँलाई अझै बढाएर दिए पनि हुन्छ । यसमा हामी सबैको प्रतिपक्ष बेच्चबाट बोल्दाखेरि चाहे सत्ताबाट होस् चाहे प्रतिपक्ष बेच्चबाट बोल्दाखेरि पनि त्यसमा हामी एकाकार हुन्छौं । सहमति चाहिँ गर्न सक्छौं । यसले गर्दाखेरि देशको अर्थ व्यवस्था कमजोर भएको बेला देशलाई फेरि अर्थ व्यवस्थामा फेरि समस्या पार्ने गरी त्यति ठुलो भोलुम त्यहाँ दिइयो भने फेरि पनि समस्या पर्न सक्छ । त्यसले गर्दाखेरि यो कार्यविधि बनाएर वितरण गर्न लागिएको पैसा तत्काल बन्द नगरियोस् । म अध्यक्षज्यूमार्फत नेपाल सरकारको चाहिँ प्रधानमन्त्रीज्यू र अर्थमन्त्रीज्यूको ध्यानाकर्षण गराउन चाहन्छु ।

र अर्को अन्त्यमा अर्थमन्त्रालयबाट एउटा सिलिङ विभिन्न मन्त्रालयमा पठाउने क्रममा हाम्रो संसद सचिवालयमा पनि एउटा सिलङ आ'को चाहिँ छ । अर्थमन्त्रालय मातहतका अरू

मातहकका समकक्ष मन्त्रालयहरू होलान् । तर जुन सदनले बजेट चाहिँ पास गरेर पठाउँछ । एउटा कुनै मन्त्रालयको खानेपानीको आयोजना, सडकको आयोजना, सिँचाइको कुनै आयोजना नबन्दा त्यति फरक चाहिँ पर्दैन । तर सार्वभौम सदनमा यहाँ तमाम समितिहरू चाहिँ छन् । यहाँका अनुगमन गर्ने कुराहरू, बैठक सञ्चालन गर्ने कुराहरू धेरै कामहरू गर्नुपर्ने हुन्छ । यसले गर्दाखेरि सचिवालयद्वारा संसद सचिवालयद्वारा प्रस्तावित गरेको बजेट नकटाउनको निम्ति म सम्माननीय प्रधानमन्त्री, अध्यक्षज्यूमार्फत सम्माननीय प्रधानमन्त्रीज्यूको ध्यानाकर्षण गराउन चाहन्छु । त्यसै गरी अर्थ मन्त्रीज्यूको पनि ध्यानाकर्षण गराउन चाहन्छु । यहाँबाट प्रस्ताव गरेको बजेटलाई कटाएर यो अरू मन्त्रालय सरहको बजेट कटौती गर्ने सरह संसद सचिवालयलाई लिइयो भने संसदको गरिमा पनि घट्ने, सार्वभौम सदनको अपमान पनि हुने, यसको महत्त्व पनि घट्ने यसले गर्दाखेरि सार्वभौम सदनको महत्त्व पनि बुझौं । यी बैठकका महत्त्वहरू पनि बुझौं । ती कुराहरूतर्फ पनि मन्त्रालयको ध्यान जाने छ, भन्ने कुराहरू राख्दै मैले यति कुराहरू राख्न अवसर चाहिँ पाए । त्यसको निम्ति अध्यक्षज्यूलाई हार्दिक धन्यवाद दिँदै आफ्नो भनाइ टुङ्ग्याउँछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य रमेशजंग रायमाझी ।

**(१८:१३ बजे) <u>माननीय श्री रमेशजंग रायमाझी (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, आज हामीहरू यो गरिमामय राष्ट्रिय सभाको तेह्रौं अधिवेशनको १९ औं बैठकमा उपस्थित भएका छौं । सम्भवतः यो अधिवेशनको आज अन्त्य हुँदै छ । जारी अधिवेशनको । त्यसपछि हामी आगामी बजेट अधिवेशनमा फेरि भेट हुने छौं । र हामीले हिजो पनि यसरी नै यो सदनमा यसरी नै पक्ष, प्रतिपक्ष भएर योभन्दा अगाडि जसरी सदन सुरु हुँदाखेरि मेरो भूमिका विपक्ष दलको नेताको हैसियतमा थ्यो । अहिले सदन अन्त्य हुँदाखेरि मेरो भूमिका सत्ता पक्ष दलको नेताको हैसियतमा भएको छ ।

त्यसकारण यो सदन कहिले सत्ता कहिले प्रतिपक्ष । र हामी सत्तामा हुँदाखेरि सत्ताको पक्षमा वकालत गर्ने । हामी प्रतिपक्षमा हुँदाखेरि सत्तालाई घोचेको घेचै गर्ने । सत्तालाई बटारेको, बटारै गर्ने । भएका कुराहरूलाई पनि, नभएका कुरालाई पनि ती कुराहरूलाई हामीले दोष लगाउने खालको हामीले सदनको विकास गरेका छौं । यसले हाम्रो गरिमा कति बढ्छ? कति बढ्दैन हामीले सोच्नुपर्छ ।

हामी राष्ट्रिय सभामा, हामीले राष्ट्रिय सभालाई के भनेका थियौं भने यो सभा भनेको एउटा गरिमामय सभाको रूपमा लिनुपर्छ । यसले प्रतिनिधि सभाको जस्तो भूमिका, प्रतिनिधि सभामा खेलेको जस्तो भूमिका सत्ता पक्ष र प्रतिपक्षको जस्तो भूमिका झन्डै लाप्पा खेल्ने, कुस्ती खेल्ने खालको जस्तो भूमिका हुने छैन भनेर हामी भन्या थ्यौं । कहिले सत्तामा हुँदा हामीले भन्यौं । कहिले प्रतिपक्षमा हुँदा अरूले भने । त्यसकारण यो भूमिकामा हाम्रै भूमिका हामीले के गर्नुपर्ने, के गर्न नहुने भनेर हामी आफै निर्धारण गर्न सकिरहेको छैनौं जस्तो मलाई लाग्छ ।

त्यसकारण आज सम्माननीय अध्यक्ष महोदय, यो नेपाली काँग्रेस ठुलो दलको हैसियतले यो पार्टीको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट पनि सम्माननीय अध्यक्ष महोदयसँगै माननीयज्यूहरू, माननीय मित्रहरू र संसद सचिवालयका कर्मचारी साथीहरू, सदनको मर्यादा कायम गर्न खटिनुभएका सुरक्षाकर्मी तथा पत्रकार मित्रहरू सबैमा आभार पनि व्यक्त गर्न चाहन्छु । आजभन्दा करिब ११० दिनअगि तेह्रौं अधिवेशनको दिन जतिबेला म यो सदन बसेको थियो त्यतिखेर शुभकामना व्यक्त गर्दै गर्दा अगि पनि मैले भनें मेरो भूमिका अर्कै थियो । अहिले अर्कै भूमिकामा म यहाँ सदनमा उपस्थित भएको छु । त्यसकारण पनि सम्माननीय अध्यक्ष महोदय, आम जनताको भावनाबमोजिम सदन र सरकारलाई गतिशील बनाउने अपेक्षा गरी मलगायत सबै माननीय सदस्यहरूले गर्नुभएको थियो । त्यो आशा, उपेक्षा पूरा गर्न र सिङ्गो मुलुकबासीमाझ राज्य र यो व्यवस्थाका सबै निकायहरूप्रति भरोसा र विश्वास जगाउन सभामा यो अधिवेशन कति सफल भयो? र हामी कुन भूमिकामा रह्यौं भन्ने बारे हामीले सिंहावलोकन गर्ने कि नगर्ने?

हुनत यो सदनको परिचय र पहिचान बेग्लै छ । अगि मैले भने । तर हामीले पहिचान बेग्लै बनाउन सकिरहेको पनि छैन जस्तो मलाई लाग्छ । त्यसकारण हामीले आफ्नो तिक्ततालाई हटाउँदै जानुपर्छ । यो सदनले हामी भनेरहेका हुन्छौं । हाम्रो देशको अवस्था आर्थिक अवस्था दयनीय अवस्थामा छ । हाम्रो बजेट बनाउँदाको अवस्था दयनीय बजेट बन्न सक्ने अवस्था छैन । सिलिङ बजेट काटिएको छ भनिराखेका छौं । सिलिङ बजेटमा सरकारले बजेट दिन सकिरहेको अवस्था छैन । भनिरहेका छौं । यतिखेर पनि हामी सत्ता र प्रतिपक्षको भूमिकामा बस्ने कि? मुलुक र मुलुकको जनतालाई जोगाउने पक्षमा लाग्ने हामी? हाम्रो दायित्व सत्ता र प्रतिपक्षको मात्रै हो? हाम्रो देश र जनताप्रतिको भूमिका छ कि छैन? यहाँ त हामी सदनमा प्रतिपक्ष र सत्ता पक्षको भूमिकामा हुन्छौं । सदनबाट बाहिर गएपछि हामी जनतसँग प्रतिवाद गर्न सक्छौं कि सक्दैनौं? जनतालाई भन्न सक्छौं हामी सदनमा लडेर आयौं । सदनमा भिडेर आयौं । सत्ता पक्ष र प्रतिपक्ष भएर आयौं हामी । यहाँ पनि बाहिर पनि त्यसरी भिड्छौं

भन्न सक्छौं कि सक्दैनौं? जनताका जनजीविकाको सवालमा हामी देशको नागरिक कुन अवस्था छ? देशको युवा कुन अवस्थामा छ? देशको महिला कुन अवस्थामा छ? गरिब आज १२ लाख घर परिवार आफ्नो जीविका कसरी पार्जन गर्ने भनेर ६० लाख मान्छेहरूको अवस्था दयनीय छ । त्यसको बारेमा हामी सदनमा छलफल गर्दैनौं । तर हामी आफ्नो स्वार्थ पूरा हुने भयो भने सत्ता र प्रतिपक्ष एक ठाउँमा पनि भएको देख्छौं । तर देश र जनताको पक्षमा कहिले उभिएको देखेको देखेन मैले ।

प्रतिपक्षलाई आज समिति चाहियो । हिजो हाम्रो परम्परा थियो । प्रतिपक्षले लेखा समिति लिने । लेखा समितिबाट कुराहरू उठाउने । आज ल सत्ता पक्षले उद्धारता देखायो । समितिहरू बाँढ्ने कुरा गर्यो । समितिमा सबै दल बसेर काम गरौं भन्यो । सहमति संवैधानिक समितिमा सहमति कायम गर्ने भनियो । तर केही दिनमा फेरि नाटकीय रूपमा त्यो सहमति तोडियो । केको लागि सहमति गरिएको थियो? केको लागि सहमति तोडियो? त्यसकारण यो आफूले केही प्राप्त गर्नको लागि सहमति लिने, हुने । आफूले सब प्राप्त गरिसकेपछि सहमति तोड्दै जाने हो भने यो खालको संस्कृतिले हाम्रो संसदीय व्यवस्था अगाडि बढ्न सक्दैन भन्ने मलाई लाग्छ ।

राष्ट्रपति, उपराष्ट्रपतिको चयन गर्यौं हामीले यस बिचमा हामीले । सङ्घीय निर्वाचनको उसमा । यो पनि लोकतान्त्रिक शासन व्यवस्थाको स्थायित्व खोज्ने सवालमा मुलुकमा व्याप्त बेतिथि, भ्रष्टाचार र कुशासनको दुश्चक्रबाट रुष्ट बन्दै गरेका आमजनतामाझ भरोसायोग्य काम कति गर्यौं त? यो प्रश्नको जवाफ हामीले खोज्दै गर्दा राष्ट्रिय राजनीतिमा विशेष गरी सरकारमा देखिएको अप्रत्यासित बदलाब र त्यसले पारेका प्रभाव बारे निरपेक्ष रहेर गरी समीक्षा र विश्लेषण एकाङ्की हुन सक्छ? यो सदनको अध्यक्ष महोदय सबै यहाँ रहनुभएका माननीय साथीहरूको चाहानाले मात्रै यो सबै समस्याको समाधान खोज्न सम्भव नहोला । यसका लागि प्रतिनिधि सभाको दलगत संरचना र त्यसको आधारमा हुने सरकार गठन, पुनर्गठन गोलचक्कर पनि हाम्रो यो सदनको अविधेशनलाई प्रभावित पार्दो रहेछ, जुन अस्वभाविक होइन ।

त्यही कारणले नै हामीले यो अधिवेशनमा केबल एउटा सरकारी र एउटा गैरसकारी विधेयक मात्र सदनभित्र छलफलका क्रममा अगाडि बढाउन सक्यौं । यसबाहेकका सदनमा विचाराधीन अवस्थामा रहेका करिब एक दर्जन विधेयकको विषयमा सदनले निर्णय गर्न बाँकी नै छ । यो तितो अनुभवबाट पाठ सिक्दै आशा गरौं यी विधेयकहरूको विषयमा आगामी अधिवेशनले कुनै न कुनै टुङ्गो लगाउने नै छ । हामीले बदलेको व्यवस्थाले जनताको अवस्थामा पनि कुनै न कुनै तात्विक बदलाब ल्याउने नै छ भन्ने विश्वास गरौं । तर यसका लागि हामी,

हाम्रो राज्य सञ्चालनको जिम्मेवारी लिएर बसेका सरकार र यसको नेतृत्व दलका नेताहरूले गम्भीर र निर्मम समीक्षा गरी विगत केही वर्षदेखि चरणबद्ध रूपमा थपिँदै गएको चरम आर्थिक मन्दी र यसले निम्त्याएको सङ्कटबाट कसरी मुलुक र जनतालाई मुक्ति दिलाउने भन्नेबारेमा तत्काल सुधारको उपाय खोज्नैपर्छ । यदि हामीले खोजे नौ भने यसले हामीले सोचेको अर्थतन्त्र झन डामाडोल अवस्थामा पुग्छ कि भन्ने लाग्छ । यसका लागि सरकारले पनि गम्भीर भएर नीतिगत सुधारको नेतृत्व लिनैपर्छ। न कि हचुवाका भरमा कहिले कुन सामान र वस्तुको आयात रोक लगाउने । त कहिले नेपाली विद्यार्थीलाई उच्च शिक्षा हासिल गर्न विदेश जानेबाट छेक्ने जस्ता हचुवा अपरिपक्व निर्णय लिनै हुँदैन ।

आजको युग भनेको विज्ञान र प्रविधिको युग मात्र होइन । सिङ्गो विश्व नै एउटा गाउँ जस्तै बन्दै गएको छ । जहाँ हरेक मानिसले आफ्नो योग्यता, क्षमता र दक्षताअनुसारको ज्ञान, सीप र आयआर्जन गर्न सक्छन् । त्यसरी आर्जन भएको ज्ञान, सीप र आय आर्जन नेपाल र नेपालीको समग्र विकास र सुन्दर भविष्य निर्माणमा कसरी उच्चतम् सदुपयोग गर्न सकिन्छ भन्नेबार राज्यले बेलैमा सोच्न र तदअनुरूपको नीति निर्माण अगि बढ्न जरुरी छ । हामी भनिरहेका छौँ अहिले विद्यार्थीहरूलाई कुनै निजी स्कुलहरूमा, निजी कलेजहरूमा विद्यार्थीहरूको अनुपस्थिति कम भयो रे । हामीले ती विद्यार्थीलाई पहिले एकपल्ट के गयौँ भने अमेरिका डाक्टर पढ्न जाने विद्यार्थीहरूलाई रोक्ने काम गयौँ । पछि फेरि सरकारमा सदनमा हामीले कुरा उठाएपछि सरकारले खुलायो । आवसीय भिसाको लागि । फेरि अहिले के भयो भने हामी आफू रोजगार पनि दिन नसक्ने, राज्यले रोगजार पनि दिन नसक्ने, राम्रो शिक्षा पनि दिन नसक्ने अनि विदेश पढ्न जाँदाखेरि विदेश जाने बच्चाहरू रोक्नुपर्ने ।

हामी कस्तो खालको समाज निर्माण गर्न खोजिरहेका छौँ? हामीले केको लागि यो समाज बनाउँदै छौँ? हामी आफ्नो लागि मात्रै संसदले सोचिरहेका छ कि? सारा मुलुकको युवाहरूको लागि पनि सोच्नुपर्छ? देश र जनताहरूको पनि सोच्नुपर्छ । म त त्यो देखिरहेको छैन् आज । सरकार हामीले अहिलेसम्म सरकारले पूर्णता दिन सकिरहेको छैन । हामीले हाम्रा कमजोरीहरूले नेताहरूले पनि स्वीकार्नुपर्छ । हामीबाट कमी कमजोरी भयो भनेर अब । किन भने यसरी सरकार चल्दैन । हामीले केही दिन अगाडि सम्पन्न भएको निर्वाचनको परिणामलाई पनि हामीले मध्यनजर गर्नुपर्छ । हामी परिवर्तनकारी हौँ भन्छौँ । तर आफैमा परिवर्तन खोज्दैनौँ । मुलुकको नागरिकप्रति, मुलुकको जनताप्रति, मुलुकको महिलाप्रति, मुलुकको मजदुरप्रति, मुलुकको विद्यार्थीप्रति खोज्दैनौँ भने हामीले के कसबाट खोच्छौँ? त्यसकारण आजको यो तितो सत्य हो । हामीले तितो सत्यलाई स्वीकारेनौँ भने हिजो पञ्चायत जसरी समाप्त भएको थियो । हामीले

ल्याएको गणतन्त्रलाई पनि प्रश्नवाचक चिह्न खडा हुन्छ । यो सोच्नुपर्छ । आज हामीलाई त लाग्दै होला । पञ्चहरूलाई पनि लाग्दै थियो । यो व्यवस्था समाप्त हुँदैन । हाम्रो श्रीपेज भनेको राजा छन् । राजा देखाए पुग्छ ।

अहिले हामी पनि हाम्रा नेताहरू दलका हाम्रा नेताहरू हुनुहुन्छ । आदरणीय नेताहरू त्याग तपश्या छन् । मन्छैले भन्न थालिसके तपाईंहरू जेलमा बसेको ब्याज खाने दिन सध्धिसक्यो भनेर । त्यो जनताबाट उठेको आवाज हो । त्यसकारण नेताहरूले पनि अब विचार गर्नुपर्छ । परिवर्तनको पक्षमा कसरी जाने? जनता के खोजिरहेको छ? त्यो पक्षमा निर्णय गर्ने क्षमता राख्नुपर्यो अब । बालुटारमा बैठक बस्छ । अन्यत्र बैठक बस्छ । निर्णयविहीन निस्किन्छौं हामी । केको लागि बैठक बस्छ? हाम्रो लागि । के गर्नलाई बैठक बसेको हामीहरूले? निर्णय गर्नलाई हो नि? निकास दिनलाई हो नि? निकास दिन सक्दैनौं । भने बैठको औचित्यता कति? कुन हिसाबले हेर्ने हो हाम्ले? त्यसकारणले मेरो आज आग्रह छ सबै राजनीतिक पार्टीको नेतृत्वलाई ।

एकतिर आर्थिक मन्दीको कुरा गर्छौं । एकतिर शिक्षामा बन्देज गर्न खोज्छौं । एकतिर विकासका बजेटहरू काट्दिन्छौं । अनि एकतिर छिमेकीहरूसँग सम्बन्धलाई समुधुर सम्बन्ध पनि बनाउन सक्दैनौं भने हामीले सोचेको व्यवस्था, हामीले सोचेको अवस्थामा हामी पुग्न सक्दैनौं भने मलाई लाग्छ ।

र अब अर्कोतर्फ हामीहरू मुलुकलाई बजारमा बजारीकरण बजार कस्तो अवस्थामा छ? बजारमा के छ अभाव? बजार भ्रष्टाचार, बजारमा महङ्गी कसरी बढेको छ? शासन एउटा मन्त्रालयबाट अर्को मन्त्रालयमा चिठ्ठी जान पाँच दिन लाग्छ । सिंहदरबारभित्र । हामी परिवर्तनकारी हामीले के परिवर्तन गर्यौं? हामीले आवश्यक भएका कुरा परिवर्तन गर्यौं । र राज्यमा रहेका जनताहरूको लागि हामीले परिवर्तनका कुनै पनि कुराको हामीले राजनीति मात्रै परिवर्तन गऱ्यौं । व्यवस्था मात्रै परिवर्तन गऱ्यौं । तर जनताको आर्थिक स्थिति परिवर्तन गर्न सकेका छैनौं । त्यसकारण हामी आज जनताको आर्थिक स्थिति परिवर्तन गर्न, जनताको जीवन पद्दतिलाई सुरक्षित गर्नको बाटोमा हाम्रो नेताहरू लग्नुस् भनेर आग्रह गर्न चाहन्छु ।

यो संसदीय व्यवस्था हो । यहाँ माननीयले गरेको निर्णय कुनै अर्थ छैन । यहाँ पार्टीको ह्विप लाग्छ । पार्टीले हामीले यहाँ बोल्छौं एउटा कुरा, पार्टीले यस्तो गर भन्छ । संशोधन हालेको हुन्छ । पार्टीले उसो गर भन्छ । संशोधनमा बोल्न पाइँदैन । यो संसदीय व्यवस्थाको राम्रो पक्ष, नराम्रो पक्ष दुइटै हो यो । त्यसकारण हामीले, हामीले जनतालाई केन्द्रविन्दु बनाएर राजनीति गरेनौं । हामीले अबका दिनमा मलाई लाग्दैन । हामी फेरि यो सदनमा फर्केर

आउँछौं । हामी फेरि जनताका कुरा, जनताका प्रतिनिधि भएर फेरि फर्केर आउँछौं जस्तो मलाई लाग्दैन । यो तितो तथ्य हो । यो आज बोलेको कुरा धेरैलाई नमिठो लाग्न सक्छ । तर यथार्त यही हो । तितो सत्य नै हुन्छ । यथार्थलाई हामीले मध्यनजर गरेनौं भने ठुला, पुराना राजनीतिक, पुराना पार्टी, हाम्रा नेताले गएर अगि प्रतिपक्षको साथीहरूले भन्नुभो' हेलिकप्टर चढेर भोट माग्न जानुभो' । भोट माग्नुभो' एउटा पार्टीलाई भोट अर्कैले लग्यो । त्यसकारणले हामीले, हामीलाई सुधार गर्नुपर्ने जरुरी छ ।

म अलिकति देखेको कुरा बोल्ने मान्छे हुँ । मेरो नम्बर पनि घट्न सक्छ । तर म नम्बरको पर्वाह पर्ने मान्छेभित्र पर्दिनँ म । मैले जन्मिँदैखेरि मेरो आमाको गर्भबाट जन्मिँदाखेरि म यो मुलुकको सांसद बन्छु भनेर जन्मेको थिइनँ । म त्यो परिवारको सदस्य भएर जन्मिएको थिएँ । आज यो मुलुकको जनताको प्रतिनिधि हुने अवसर पाएँ । मेरो लागि यो सबैभन्दा ठुलो पद हो । हामी कस्ता हुन्छौं भने सांसद हुन्जेल म यो गर्छु, म मन्त्री भए त्यो गर्छु भन्छौं । तर मन्त्री भएको भोलि पल्ट त्यहीं सांसदको रूप परिवर्तन हुन्छ । ठ्याकै रूपै परिवर्तन हुन्छ । सकेसम्म माननीयहरू भेट्नै नपरे हुन्थ्यो । जनता भेट्नै नपरे हुन्थ्यो । एजेन्ट मात्रै भेट्न पाए हुन्थ्यो भन्ने हुन्छ । हामी माननीय हुँदा मात्रै माननीय हुन्छौं । मन्त्री भएपछि हाम्रो रूप अर्कै हुन्छ, परिवर्तन हुन्छ । त्यसकारण पनि म यहाँ सबैलाई यहाँ धेरै माननीय हुनुहुन्छ । भोलि मन्त्री हुने सम्भावित माननीयहरू यहाँहरूलाई यहाँहरूको व्यवहारहरू माननीय जस्तो हुँदा हुनुहुन्थ्यो । भोलिका दिनमा पनि जनताको निर्णय गर्दा तिनै खालको माननीय हुने खालको स्वाभाव तपाईंसँग जीवितै रहोस् भन्न चाहन्छु ।

र अन्त्यमा हाम्रो आदरणीय नेता गिरिजाप्रसाद कोइरालाले सहमति, सहकार्य र एकताको कुरा गर्नुभएको थियो । आज सरकारले सहमति र एकताको कुरा गरिरहेको छ । यसलाई सत्ताको कमजोरी नठानियोस् प्रतिपक्षले । यसलाई सत्तामा चलाउनलाई सहमति गरेको नठानियोस् । यसलाई सहकार्य गर्नलाई अहिलेको देशको अवस्थालाई मध्यनजर गरेर सत्ताले सरकारले प्रतिपक्षलाई सहकार्य गरेर जाऊँ भनेको हो भन्ने बुझियोस्  भन्ने यिनै कुरा राख्दै बिदा हुन चाहन्छु । धन्यवाद । जय नेपाल ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य जयन्ती देवी राई ।

**(१८:३१ बजे) <u>माननीय श्री जयन्ती देवी राई (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- माननीय सभापति महोदय, हामी अहिले (सम्माननीय अध्यक्ष महोदय, सरी ।

एकदम छोटो बोलौं भनेर मेन्टल तयार गर्दाखेरि), हामी अहिले राष्ट्रिय सभाको तेह्रौं अधिवेशन सम्पन्नतिर गइरहेका छौं । र माननीयज्यूहरूले भन्नुभएजस्तै यो विधेयकको जुन सभा, अधिवेशन हामीले यो बिचमा धेरै, धेरै ल्याउन नसकेको विधेयकहरू पनि हामीले ल्याएका छौं । र तुरुन्तै पास गर्न पर्ने विधेयकहरू पनि हामीले पास गर्न सकेका छैनौं । र समग्र रूपमा भन्नुपर्दाखेरि अत्यन्तै महत्त्वपूर्ण विधेयकहरू हामीले पास गर्यौं तर नागरिकताजस्तो विधेयक, स्थानीय तह सञ्चालनका विधेयकहरू जस्ता हामीले गर्न सकेनौं ।

र मलाई के लाग्छ भने यहाँ माननीयज्यूहरूले भनिरहनुहुँदाखेरि यो राष्ट्रिय सभाको छुट्टै महत्त्व र गौरव छ । र यहाँ उपस्थित हुनुभ'का माननीयज्यूहरू पनि अत्यन्तै आफ्नो इतिहास बोकेको र समर्पण गर्नुभएका त्यस्तो खालका एकदमै विज्ञ, एकदम अनुभवी माननीयज्यूहरू हुनुहुन्छ । त्यसकारणले नै प्रतिनिधि सभाको अवस्थाभन्दा यहाँको अवस्था धेरै फरक छ । र त्यो हुनु पनि पर्दछ भन्ने मलाई लाग्छ । तर कोही कोही बेला यसो हेर्दाखेरि हाम्रो यो संस्कृति एकदमै गलत संस्कृति यो राजनीतिक रूपमा सच्चाउनैपर्छ हामी सबैले । हामी कहिले प्रतिपक्षमा हुन्छौं त कहिले सरकारमा । तर हामी चैं कस्तो भयौं भने हामी कोही पनि सरकारमा कहिले नगएका जस्तो अनि कहिले पनि जाँदैनौं जस्तो र सरकारमा हुँदा हाम्रो कामहरू चैं कसैले देखेका छैनन् जस्तो र भोलि हामी जाँदा चैं के के नै गर्छौं जस्तो, यस्तो खालको अभिव्यक्तिहरू यो अलिक सुन्दा चैं अलिकति त्यो हाम्रो यो लेबलबाट सुहाउँदैन कि जस्तो किनभने यो गर्यौं, त्यो गर्यौं यस्तो भन्ने त हामीले किन भन्नुपर्छ र यो त जनताहरू था' छँदै छ, हामी जतिको मान्छेको अगाडि । त्यसकारणले आजको अब आवश्यकता के हो भन्ने बारेमा चैं हामी जानुपर्छ भन्ने मलाई लाग्छ । किनभने अहिले किन आज स्थापित पार्टीहरू विस्थापित बन्दै छ? आज किन इतिहास बोकेको पार्टीहरू चैं एकदमै हारिरहेको छ, जनताबाट चैं टाँढिरहेको छ? आज किन पार्टीहरूबाट जनताहरू आक्रोशित बनिरहेको छ? भन्ने कुराप्रति हामी जानुपर्छ जस्तो मलाई लाग्छ ।

आज सुन्दै नसुनेको पार्टीहरू, आज सामाजिक सञ्जालको भरमा आज त्यता किन एकदमै आक्रोशित बनिरहेको छ? वास्तवमा यो भनेको राजनीतिक पार्टीहरूमा र हामी सबै राजनीतिक दलको निम्ति एकदमै ठूलो चुनौती हो र यो बहुदलीय व्यवस्थामा यो एकदमै ठूलो चुनौती हो । त्यो भ'को कारणले हामी सबैले, हामी सबै आखिरी हिजोको इतिहासलाई हेर्दा पनि यहाँको सङ्कट अवस्थामा त हामी एकजुट भएकै हौं, हुनु पनि पर्दछ । के आज सङ्कट छैन र यो मुलुकमा? आज के यहाँ हामी विभिन्न एउटा सहकार्य गर्नु भनेको चैं यहाँ चुनाव जित्नु अनि यहाँ हामी चैं एकदमै पार्टी बचाउनको लागि त होइन । कसै न कसैले कोही न कोहीसँग गरेका छौं ।

किनभने त्यो भनेको यो देशको एउटा आवश्यकता हो । कि आज अहिले पनि हामी सबैले भन्दै छौं कि यो मुलुक यस्तो सङ्कट, आर्थिक सङ्कटमा गइरहेको छ । श्रीलङ्काको हामी चैं उदाहरण दिइरहेका छौं । तर त्यो नभनौं कि श्रीलङ्का र यो देश धेरै फरक छ । हामी यो देशमा परिश्रम गर्यौं र यो देशमा कृषि नीति मात्र राम्रो भो' भने हामी श्रीलङ्काजस्तो हुनुपर्दैन । त्यसकारणले त्योतर्फ हामी उन्मुख हुनुपर्दछ र आज यावत् यहाँका राष्ट्रियतामाथि समस्याहरू आज यहाँको अर्थतन्त्रलाई कसरी सुदृढ गर्ने, कसरी भ्रष्टाचारको नियन्त्रण गर्ने, कसरी चैं आज लोकतन्त्रलाई बचाउने र कसरी यो संविधानलाई पूर्ण रूपमा कार्यान्वयन गर्ने र आज सङ्घीयता आफै धरापमा परिरहेको स्थिति छ । आज यस्ता कुराहरूमा आज हामी एक हुनुपर्छ कि पर्दैन? आज राष्ट्रियता, अखण्डतामाथिको एउटा ठुलो समस्या, आज क्वोइसन जुन एउटा हामी जुन यो चुनौतीलाई सामना गर्ने एकता हुनुपर्छ कि पर्दैन? मलाई लाग्छ जरुर हुनुपर्दछ । र आज हाम्रो दायित्व जसरी संविधान हामीले घोषणा गर्दाखेरि एकजुट भयौं त्यसरी नै आज कार्यान्वयन गर्न र यो देशको समस्याहरू समाधान गर्नको निम्ति कजुट हुनुपर्ने जरुरी छ । यो दिशा उन्मुख हुनु नै आजको आवश्यकता होला भन्ने मलाई लाग्छ । यति भन्दै म यो जुन अवधिभरि सबै माननीयज्यूहरू, हाम्रो सम्माननीय अध्यक्षज्यूलगायत सबै यहाँका कर्मचारीहरूलाई धेरै धेरै धन्यवाद दिँदै मेरो आफ्नो भनाइ अन्त्य गर्न चाहन्छु । धन्यवाद, नमस्कार ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्य प्रमिला कुमारी ।

**(१८ः३७ बजे) <u>माननीय श्री प्रमिला कुमारी (जनता समाजवादी पार्टी, नेपाल)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, आज राष्ट्रिय सभाका तेह्रौं अधिवेशन समाप्त हुन लागेको छ । यस विधेयक अधिवेशनमा नेपाली नागरिकका हितमा धेरै नै कानुनहरू बन्ने अपेक्षा रहे तापनि कुनै खास कानुनहरू बन्न सकेनन् । यस अधिवेशनमा जम्म उन्नाइसबटा बैठक बसेको, त्यसमा केही विधेयकमाथि छलफल भई पास भ'को छ । र यसको साथै विशेष समितिले पेस गरेको सङ्घीयतासम्बन्धी प्रतिवेदन सदनबाट पास भ'को छ । दलित अधिकारसम्बन्धी सङ्कल्प प्रसताव तथा अर्थतन्त्रसम्बन्धी जरुरी सार्वजनिक महत्त्वको प्रस्तावमाथि छलफल भ'को छ । त्यो अवश्य नै नेपाली नागरिकको लागि फ्रुटफुल हुने छ जस्तो मैले महसुस गरेकी छु । नागरिकतासम्बन्धी विधेयक, निजामती कर्मचारीसम्बन्धी विधेयक, शिक्षासम्बन्धी विधेयकलगायतका कतिपय विधेयकको काम कारबाही अगाडि बढ्नु अति आवश्यक थियो तर त्यसो हुन सकेन ।

प्रतिनिधि सभाको निर्वाचनपछि स्थिर सरकार बन्छ र देशको चौतर्फी विकासका कार्यहरू तीव्र गतिले अगाडि बढ्नेजस्तो लागेको थियो तर त्यसो हुन सकेको छैन । अब आउँदो बजेटले शिक्षा, स्वास्थ्य, सुरक्षा र रोजगारमा बढी फोकस दिएर सर्वसुलभ बनाउनुपर्छ । समानता, स्वतन्त्रता, सामाजिक न्याय र समतामूलक समाजको निर्माण गर्नेतिर जोड दिनु जरुरी छ । वर्गीय विभेद, जातीय विभेद र लैङ्गिक विभेद अन्त्य हुनुपर्छ । सामाजिक रूपान्तरणको लागि रूढीवादी परम्परागत अन्धविश्वास, गरिबी, अमानवीय संस्कारलाई शिक्षा र चेतनाको माध्यमबाट विज्ञान प्रविधिसँग जोडेर समृद्ध, जागरुक र प्रगतिशील समाजको निर्माण गर्नु अतिआवश्यक छ । पछौटेपनबाट विकसिततर्फ, अज्ञानताबाट ज्ञानतातर्फ, दरिद्रताबाट समृद्धितर्फको यात्रालाई पूरा गर्ने भरपुर प्रयास गर्नुपर्छ । आर्थिक विकासका लागि कृषिलाई आधुनिकीकरण, व्यवसायिकीकरण गर्नुपर्ने, पर्यटन क्षेत्रको विकास, प्राकृतिक स्रोत साधनको सदुपयोग, मानव संसाधनको विकास, जलस्रोतको सदुपयोग गरी मुलुकलाई आर्थिक रूपले विकसित र समृद्ध बनाउनुपर्ने कुरामा आउँदो बजेटले बढी फोकस दिनुपर्छ । सङ्घीयता, गणतन्त्र समावेशिता र धर्म निरपेक्षतालाई संस्थागत गर्दै संविधानमा रहेका कमी, कमजोरीमा पनि परिमार्जन हुनु त्यतिकै आवश्यक छ । शासकीय स्वरूप, न्याय प्रणाली र निर्वाचन प्रणालीको संरचनामा पनि समयसापेक्ष रूपान्तरण हुनुपर्ने ।

माननीय अर्थमन्त्रीज्यूले सदनसमक्ष जरुरी सार्वजनिक महत्त्वको राष्ट्रिय अर्थतन्त्रसम्बन्धी प्रस्तावमाथि छलफलमा उठेका प्रश्नको जवाफ दिँदा देशमा अर्थतन्त्रसम्बन्धी कुनै समस्या नरहेको भन्नुभयो । त्यसैले नेपाल सरकारको आउँदो बजेटमा कुल बजेटको दुई तिहाइ बजेट प्रदेश र स्थानीय तहको लागि विनियोजन अवश्य नै हुने अपेक्षाको साथै नेपाल सरकारको ध्यान आकृष्ट गराउँदै सम्माननीय अध्यक्ष महोदय, माननीय सांसद साथीहरूलगायत यस अधिवेशनमा सहयोग गर्नुभएका सम्पूर्ण पक्षलाई हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु । र अन्त्यमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूको उन्नति प्रगतिको कामना गर्दै म आफ्नो भनाइ यहीं समाप्त गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य शेखर कुमार सिंह ।

(१८:४२ बजे) **माननीय श्री शेखर कुमार सिंह (लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल)**:- सम्माननीय अध्यक्ष महोदय, आज हामी तेह्रौं अधिवेशन, विधेयक अधिवेशनको उन्नाइसौं बैठकमा छौं । सायद यही बैठक नै सायद यो अधिवेशनको समापन बैठक हुने छ भन्ने आशा राख्या

छु । यो अवधिभरिमा हामीले उपलब्धिमूलक कामहरू पनि गर्न प्रयास त गयौं, प्रयास नै सफलताको जननी हुन्छ । हामी प्रयास गर्या छु, सफलता एकपल्ट निश्चित हुन्छ ।

धेरै दिनदेखि खाली रहेका हाम्रा माननीय उपाध्यक्षज्यूको पद पनि हामी पूर्ति गरेर लिएर आ'को छु । त्यसैमा समस्त नेपालीले, यो हामी माननीयजीहरूलाई हेक्का रहोस्, सबैले हामीलाई हेरिराख्रुभा'कै होला । हाम्रा प्रतिनिधिहरू सदनमा गएर के के गर्छन् । के गर्या छन्, के गर्छन् । भोलि त्यसका जवाफ पनि हामीले नै दिनुपर्छ । अरूले दिनुपर्दैन । किन हामी त्यहीका प्रतिनिधिबाट निर्वाचित भएर आएको छौं । त्यसैले म विश्वस्त छु, ढिलो भए पनि समानजनक रूपमै सबै कुरो आउँछ भन्ने म विश्वास राख्या छु । आर्थिक अवस्थाको बारेमा धेरै नै हामी सुन्यौं । धेरै तछारमछार पनि भो', धेरै कुरोहरू पनि सुन्न पाइयो । हामी श्रीलङ्कासम्म पुग्यौं । र सम्माननीयज्यू, आज पनि हामी नेपालीले कृषिप्रधान मुलुकमा छौं । अगर हामीले सुव्यवस्थित रूपबाट कृषिलाई नियोजित ढङ्गबाट गयौं भने हामीलाई कतै पुगिराख्रुपर्दैन । हामी नेपाली जहिले पनि शिर उठाएको नेपाली, नेपालीजस्तै रहन्छौं ।

अब यो मेरा पार्टी, लोसपाको तर्फबाट पनि, मेरा तर्फबाट पनि सम्माननीयज्यू, माननीय उपाध्यक्षज्यू, माननीयज्यूहरू एवम् सचिवालयका साथीहरूप्रति यो सदनमा सहयोगात्मक सहयोग रहेको नाताले धन्यवाद दिन पनि चाहन्छु । र पुनः मैले भन्नुपर्दा अझ पनि केही बिग्रेर गा' छैन । नेपाललाई कृषि नै हो । कृषिमा उत्थान भनाऊँ । किन आगामी दिन, अब दुई, तीन महिनापछाडि किसानको दिन सुरु हुन्छ । सरकारले मलखादको सुव्यवस्था गरेदेखि त आफै उब्जनी बढेर आउँछ । यी श्रीलङ्कातिर जानेका बाटोहरू त्यहींका त्यहीं रोकिन्छ ।

सँगै अब एउटा कुरो मैले भन्नैपर्दा मैले आज रोस्ट्रमबाटै भन्नुपर्या छ । हामी हर्षित पनि छु, धन्यवाद दिन पनि चाहन्छु । नेपालमा सङ्घीयता स्वीकार गरिसक्या छ । यो कसैलाई भनेर अस्वीकार्ने कुरो हुँदैन । र अगर नेपालको इतिहास पल्टाएर हेर्ने हो भने सबै कालमा सङ्घीयताको छ तर त्यसको रूप छुट्टै छुट्टै थियो । यही सदनमा सम्माननीय प्रधानमन्त्रीज्यूबाट पनि हामी आश्वासन पाइसकेको नाताले यस्ता सङ्घीयता विरोधी खेती गर्ने शक्तिहरू आफै मौलाएर जान्छ, यसमा म विश्वस्त छु । र म आफू, ए पख्रुस् । (**<u>सम्माननीय अध्यक्ष</u>**ः- जानु, अगि बढ्नु माननीयज्यू ।) यसमा हामीले मेरा पार्टीका तर्फबाट पनि सङ्घीयतासम्बन्धी विषयमा धन्यवाद दिन केही शब्दहरू आएको थियो । अब धेरै शब्दहरू त नव्याख्या गरौं । तर समग्र रूपमा, समष्ट रूपमा सङ्घीयताको लागि म धन्यवाद दिन चाहन्छु । र यसरी नै नेपाली जनताहरू, नेपालीहरू धेरै अपेक्षा राखु त स्वाभाविकै हो । निजामती सेवा ऐनप्रति पनि अपेक्षा राख्या थियो, शिक्षा ऐनप्रति पनि अपेक्षा राख्या थियो तर समयको व्यस्तताले गर्दाखेरि आउन सकेन । त्यसको लागि

हामीले केही हतास हुनुपर्ने अवस्था छैन । आउने बजेट अधिवेशनमा ती अपूर्ण रहेका कुराहरू पूर्णता पाउने छ भन्ने विश्वास राख्या छु । र अब यी सँगसँगै वर्षायाम पनि सुरु हुन्छ । वर्षायाममा खोला नालाको ताण्डवबाट हामी नेपाल र नेपालीले कसरी संरक्षित गर्ने हो सरकारसँग माग गर्दै आफ्नो दुई शब्द यहीँ अन्त गर्दै, धन्यवाद ।

(१८:४८ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब म चालु तेह्रौं अधिवेशन अवधिमा राष्ट्रिय सभाबाट सम्पादन गरिएका मुख्य मुख्य काम कारबाहीको सङ्क्षिप्त विवरण सभासमक्ष जानकारी गराउँदछु ।

तेह्रौं अधिवेशन अवधिमा सभाबाट सम्पादित मुख्य मुख्य कामकारबाहीको संक्षिप्त विवरण: माननीय सदस्यहरू, सङ्घीय संसद, राष्ट्रिय सभाको बाह्रौं अधिवेशनको पहिलो बैठक मिति २०७९ साल पुस २५ गते सोमवार अपराह्न १:०० बजे प्रारम्भ भई २०८० साल वैशाख १५ गते शुक्रवारसम्म जम्मा १०० दिन चालु रह्यो । यस अवधिमा बैठक बसेका १८ दिनहरूमा १९ ओटा बैठक बसी जम्मा २८ घण्टा ५५ मिनेट सभाको काममा व्यतित भयो।

यस अधिवेशन अवधिमा ७ ओटा बैठकमा शून्य समय रहेको थियो । उक्त शून्य समयमा २८ जना माननीय सदस्यहरूले ४३ मिनेट समय उपयोग गर्नुभएको थियो ।

त्यसै गरी यस अधिवेशनका बैठकहरूमध्ये ७ ओटा बैठकमा विशेष समय रहेको थियो । विशेष समयमा ४५ जना माननीय सदस्यहरूले ९ घण्टा ५१ मिनेट समय उपयोग गर्नुभएको थियो ।

त्यसै गरी राष्ट्रिय सभाका अध्यक्षबाट राष्ट्रिय सभाको बैठकको निर्धारित समयभित्र नेपाल सरकारका मन्त्रीहरू अनिवार्य रूपमा बैठक कक्षमा उपस्थित हुनका लागि रुलिङ भएको थियो ।

यस अधिवेशन अवधिमा राष्ट्रिय सभा नियमावली, २०७५ बमोजिम मिति २०७९ साल माघ २३ गते राष्ट्रिय सभाको उपाध्यक्ष पदको निर्वाचन भई सभाका माननीय सदस्य उर्मिला अर्याल निर्विरोध निर्वाचित हुनुभएको थियो ।

त्यसै गरी यस अधिवेशन अवधिमा सभाले नेपाल विश्वविद्यालय विधेयक, २०७९ र राष्ट्रिय मर्यादा सम्बन्धी विधेयक, २०७९ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाएको छ, भने देहायबमोजिमका विधेयकहरू पारित गरी सन्देशसहित प्रतिनिधि सभामा पठाएको छ ।

१. अनुगमन तथा मूल्याङ्कन विधेयक,२०७६

२. खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, २०७७

३. अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयक ,२०७७

४. सार्वजनिक सेवा प्रसारण विधेयक, २०७७

५. सुरक्षण मुद्रणसम्बन्धी विधेयक, २०७७

६. अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक, २०७६ र

७. भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, २०७६ ।

त्यसै गरी सभाको छैटौं अधिवेशन अवधिमा दर्ता भएको प्रतिलिपि अधिकार (पहिलो संशोधन) विधेयक, २०७६ र सोही अधिवेशन अवधिमा गैरसरकारी विधेयकको रूपमा माननीय सदस्य प्रकाश पन्थले दर्ता गर्नुभएको सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक, २०७७ यस अधिवेशनमा फिर्ता भएका छन् ।

त्यसै गरी सम्माननीय राष्ट्रपतिबाट सङ्घीय संसदको दुवै सदनको संयुक्त बैठकलाई संवत् २०७९ माघ २७ गते शुक्रवारका दिन गर्नुभएको सम्बोधनका लागि धन्यवादको प्रस्ताव सर्वसम्मति रूपमा पारित भएको थियो । यस अधिवेशन अवधिमा सङ्घीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिले पेस गरेको प्रतिवेदनमाथिको छलफलमा सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड"ले जवाफ दिनुभएको र उक्त प्रतिवेदनको प्रभावकारी कार्यान्वयन गरी आवधिक रूपमा सभासमक्ष प्रगति विवरण पेस गर्न राष्ट्रिय सभाका अध्यक्षबाट रुलिङ भएको थियो ।

माननीय सदस्यहरू, यस अधिवेशन अवधिमा माननीय भुवन बहादुर सुनारले दर्ता गर्नुभएको दलित समुदायका विभेद र उत्पीडनहरूको अन्त्य गरी सामाजिक, साँस्कृतिक, आर्थिक, राजनीतिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्नेसम्बन्धी सङ्कल्प प्रस्तावमाथि सभामा छलफल भएको र छलफलमा उठेका जिज्ञासाका सम्बन्धमा सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड"ले जवाफ दिनुभएको थियो ।

उक्त सङ्कल्प प्रस्ताव राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ८७ बमोजिम कार्यान्वयन गर्न नेपाल सरकारलाई सभाले निर्देशन गरेको बेहोरा सभाका अध्यक्षबाट जानकारी गराइएको थियो । यस अधिवेशन अवधिमा माननीय मदन कुमारी शाह (गरिमा)ले प्रस्ताव गर्नुभएको सुदृढ अर्थतन्त्र निर्माण गर्नका लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन नीति र योजना निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने भन्ने विषयको जरूरी सार्वजनिक महत्त्वको

प्रस्तावमाथि छलफल भएको र छलफलमा उठेका जिज्ञासाका सम्बन्धमा माननीय अर्थमन्त्री प्रकाश शरण महतले जवाफ दिनुभएको थियो ।

त्यसै गरी यस अधिवेशन अवधिमा तत्कालीन माननीय उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आर्थिक वर्ष २०७९/८० को बजेटको अर्ध वार्षिक मूल्याङ्कन प्रतिवेदनको सम्बन्धमा सभामा वक्तव्य दिनुभएको थियो । त्यसै गरी तत्कालीन माननीय परराष्ट्र मन्त्री डा. विमला राई पौड्यालले र माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. बेदुराम भुसालले समसामयिक विषयमा सभामा वक्तव्य दिनुभएको थियो ।

तेह्रौं अधिवेशनको यस अवधिमा सभाअन्तर्गतका देहायबमोजिमका विषयगत समितिका वार्षिक एवं आवधिक प्रतिवेदनहरू सभासमक्ष पेस भएका थिए ।

१. दिगो विकास तथा सुशासन समितिको वार्षिक प्रतिवेदन, २०७८/७९
२. विधायन व्यवस्थापन समितिको वार्षिक प्रतिवेदन, २०७८/७९
३. प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्‍वासन समितिको वार्षिक प्रतिवेदन, २०७८/७९
४. राष्ट्रिय सरोकार तथा समन्वय समितिको वार्षिक आर्थिक वर्ष २०७५/७६, २०७६/७७ र २०७७/७८ को वार्षिक प्रतिवेदन कार्यान्वयनको अनुगमन एवं मूल्याङ्कन प्रतिवेदन, २०७९

माननीय सदस्यहरू, यस अधिवेशन अवधिमा राष्ट्रिय सरोकार तथा समन्वय समितिको आर्थिक वर्ष २०७५/७६, २०७६/७७ र २०७७/७८ को वार्षिक प्रतिवेदन कार्यान्वयनको अनुगमन एवं मूल्याङ्कन प्रतिवेदन, २०७९ सभामा पेस भई छलफल भएको र सो छलफलमा उठेका जिज्ञासाका सम्बन्धमा माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले जवाफ दिनुभएको थियो ।

माननीय सदस्यहरू, यसै अधिवेशन अवधिमा यस सभाका माननीय सदस्य मृगेन्द्र कुमार सिंह यादव राष्ट्रिय सभाको दिगो विकास तथा सुशासन समितिमा, माननीय सदस्य कुमार दसौदी राष्ट्रिय सभाको राष्ट्रिय सरोकार तथा समन्वय समितिमा, माननीय सदस्य डा. विमला राई पौड्याल राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिमा र माननीय सदस्य जगप्रसाद शर्मा, माननीय सदस्य देवेन्द्र दाहाल र माननीय सदस्य रमेश जंग रायमाझी सङ्घीय संसदको संसदीय सुनुवाई समितिमा मनोनयन हुनुभएको छ, भने राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन

तथा मूल्याङ्कन समितिमा माननीय प्रमिला कुमारी, माननीय मदन कुमारी शाह (गरिमा) र माननीय भैरव सुन्दर श्रेष्ठ मनोनयन हुनुभएको छ ।

त्यसै गरी माननीय जयन्ती देवी राईलाई राष्ट्रिय सरोकार तथा समन्वय समितिबाट विधायन व्यवस्थापन समितिमा समिति हेरफेर गरिएको छ ।

त्यसै गरी यसै अधिवेशन अवधिमा रिक्त रहेको विधायन व्यवस्थापन समितिको सभापति पदको निर्वाचनको लागि मिति तोकिएको छ ।

माननीय सदस्यहरू, यस अधिवेशन अवधिमा संवैधानिक व्यवस्थाअनुसार देहायबमोजिमका संवैधानिक निकायका वार्षिक प्रतिवेदनहरू सभासमक्ष पेस भएका थिए:

१. थारू आयोगको चौथो वार्षिक प्रतिवेदन, २०७८/७९

२. राष्ट्रिय समावेशी आयोगको चौथो वार्षिक प्रतिवेदन, २०७८/७९

३. राष्ट्रिय मानव अधिकार आयोगको वार्षिक प्रतिवेदन, २०७८/७९

४. आदिवासी जनजाति आयोगको तेस्रो वार्षिक प्रतिवेदन, २०७८/७९

५. महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन, २०७८/७९

६. लोक सेवा आयोगको त्रीसट्ठीऔं वार्षिक प्रतिवेदन, २०७८/७९

७. राष्ट्रिय सूचना आयोगको वार्षिक प्रतिवेदन, २०७८/७९ र

८. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको बत्तिसौं वार्षिक प्रतिवेदन, २०७८/७९

९. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको वार्षिक प्रतिवेदन, २०७८/२०७९

माननीय सदस्यहरू, यसै अधिवेशन अवधिमा प्रतिनिधि सभाका वहालवाला सदस्य शहनाज रहमान, प्रतिनिधि सभा र राष्ट्रिय सभाका पूर्वसदस्य मैया देवी श्रेष्ठ, प्रतिनिधि सभाका पूर्वसदस्य कर्मा घले र तेजमान तुम्वाहाम्फे, संविधान सभा सदस्य बालकृष्ण ढुङ्गेल, झुलबहादुर आले र गणेश प्रसाद विमलीको निधन भएकोमा छुट्टाछुट्टै शोक प्रस्तावहरू पारित गरिएका थिए ।

माननीय सदस्यहरू, सम्माननीय कार्यवाहक राष्ट्रपतिबाट चालु अधिवेशन अन्त्यसम्बन्धी पत्र प्राप्त हुन आएको छ । अब म उक्त पत्रको बेहोरा जानकरी गराउँदछु ।

"नेपालको संविधानको धारा ९३ को उपधारा (२) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८०/०१/१२ को सिफारिसमा सङ्घीय संसदको दुवै सदनको चालु अधिवेशन संवत् २०८० साल वैशाख १५ गते शुक्रवार राती १२:०० बजेदेखि अन्त्य गरेको छु ।

(रामसहाय प्रसाद यादव)

कार्यवाहक राष्ट्रपति

माननीय सदस्यहरू, राष्ट्रिय सभाको चालु तेह्रौ अधिवेशन आजै राती १२:०० बजेबाट स्वत: अन्त्य हुने गरी यो बैठक अन्त्य भएको घोषणा गर्दछु ।

**अन्त्यः१८:५६ बजे ।**